का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ असार २०८१,
आइतबार
23 June 2024,
Sunday
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १३१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

> '... जे देखेको छु, सबै परिस्थिति ।
> तरिका मिल्यो भने पुरै अवधि बसिन्छ ।
> ..हामीलाई हटाउन सजिलो छैन ।'
>
> ■ **प्रचण्ड**, प्रधानमन्त्री

अर्थपूर्ण अभिव्यक्ति

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पुरै अवधि सरकारको नेतृत्व गर्ने आत्मविश्वास सार्वजनिक गरेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओलीसँग आलोपालो प्रधानमन्त्रीको सहमति गरेका प्रचण्डको यो अभिव्यक्तिले राष्ट्रिय राजनीतिमा अर्को तरंग ल्याउन सक्ने अनुमान गर्न सकिन्छ ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ८ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पुरै कार्यकाल सरकारको नेतृत्व गर्ने संकेत गरेका छन्। शनिबार राजधानीमा आयोजित पार्टी निकट तामाङ राष्ट्रिय मुक्ति मोर्चाको कार्यक्रमबाट प्रधानमन्त्री प्रचण्डले पुरै कार्यकाल सरकारको नेतृत्व गर्ने संकेत गरेका हुन्।

'जे देखेको छु, सबै परिस्थिति । तरिका मिल्यो भने पूरै अवधि बसिन्छ' कार्यकर्तालाई आश्वास्त पार्दै उनले भने, 'ढुक्क भएर काम गरे हुन्छ। ..हामीलाई हटाउन सजिलो छैन।'

सत्ता समीकरण परिवर्तनपछि विकसित घटनाक्रम हेर्दा प्रधानमन्त्री प्रचण्डको यस्तो अभिव्यक्तिलाई अर्थपूर्ण रुपमा हेर्न सकिन्छ । किनकि यसअघि प्रधानमन्त्री प्रचण्ड आफैले सरकार सञ्चालन गर्न सजिलो नरहेको सार्वजनिक अभिव्यक्ति दिदै आएका थिए ।

तर शनिबार प्रचण्ड ढुक्क देखिए । आफू प्रधानमन्त्री नियुक्त हुनासाथ हटाउने कोशिस भएको पनि प्रचण्डले स्वीकारे । 'सरकार कति दिन होला ? चल्छ कि चल्दैन ? विभिन्न कुराहरु आउँछन्' प्रचण्डले बिगतबारे भने, 'मैले नै भन्थे, मलाई सबै मिलेर धेरै दिन बस्न दिन्नन् होला ।'

सरकार धेरै नटिके पनि सकेजति राम्रो गर्ने अठोट आफूले गरेको पनि प्रधानमन्त्री प्रचण्डले सम्झिए । तर अब ढुक्क बनेको विश्वास पनि प्रचण्डले सार्वजनिक गरेका छन् ।

'इतिहासका कारणले, मुद्दाका कारणले, आन्दोलनका कारणले' पुरा अवधि सरकार चलाउनेबारे प्रचण्डले भने, '... र हाम्रो जादु नम्बरको काणले पनि । जादु नम्बर छ हाम्रो । थोरै छ भनेर चिन्ता गर्नुपर्ने छैन ।'

»» पृष्ठ २ मा

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

मेलम्ची फेरि अनिश्चित !

शिव विक/मध्यान्ह
काठमाडौं, ८ असार ।

मेलम्ची खानेपानी फेरि जुनसुकै बेला बन्द हुन सक्ने भएको छ ।

मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछानेका अनुसार मनसुन सुरु भएले धेरै वर्षत भए मेलम्ची खानेपानी जुनसुकै बेला बन्द हुन सक्छ। बर्सात धेरै भएर बाढी आउने अवस्थामा सिन्धुपाल्चोकबाट काठमाडौं ल्याइएको खानेपानी बन्द हुन सक्छ।

हाल आयोजनास्थल र त्यसभन्दा माथिको भागमा कर्मचारी राखेर २४ सै घण्टा बाढीको अवस्था हेरिरहेको र क्षति पुर्‍याउने खालको बाढी आउने अवस्थामा तत्काल पानी बन्द हुने बताए ।

उनले काठमाडौंमा हाल दैनिक १७ करोड लिटर हाराहारी पानी आइरहेको बताए । बाढीको लेदो पसेको अवस्थामा सुरुङमा खतरा उत्पन्न हुने भएकोले जुनसुकै बेला पानी बन्द हुनसक्ने बताए । जहिलेसम्म पानी

»» पृष्ठ २ मा


अब सहकारी काण्ड,
गिरीबन्धु टी इस्टेट प्रकरणमा
समस्या हुने कुरै भएन..!
सत्तासमीकरणमा कुनै समस्या छैन र हुँदैन - प्रम
सान्दाज

महाधिवेशन एसको

स्वार्थ कांग्रेस र एमालेको

सत्ता राजनीतिका लागि नेपाली कांग्रेस र नेकपा एमाले आफू अनुकूलको नेतृत्व एकीकृत समाजवादीमा चाहन्छन् । यसका लागि दुवै पार्टीले भूमिका खेलिरहेको नेताहरुको दाबी छ ।

भावना पाठक/मध्यान्ह
काठमाडौं, ८ असार ।



एकीकृत समाजवादी दशौं राष्ट्रिय महाधिवेशन केन्द्रित गतिविधिमा छ। महाधिवेशनका लागि देशभरबाट एक हजार आठ प्रतिनिधि छनोट भएका छन्।

यही असार १६ देखि २० गतेसम्म काठमाडौंमा आयोजना हुने महाधिवेशनका लागि ७७ जिल्ला र विभिन्न संगठनबाट एक हजार आठ सय प्रतिनिधि छानिएका हुन्।

नेताहरुका अनुसार नेतृत्वमा त्रिपक्षीय प्रतिस्पर्धा हुने निश्चितप्राय छ। यसको सुनिश्चितता प्रतिनिधि छनोटले पनि गरेको नेताहरुको दाबी छ।

प्यानल नै बनाएर चुनाव लड्न नपाउने भनिएता पनि माधव कुमार नेपाल, झलनाथ खनाल र घनश्याम भुसाल नेतृत्वको लागि तिव्र प्रयासमा छन्।

केही ठाउँमा प्रतिनिधि छनोटमा विवाद हुनुले पनि त्रिपक्षीय प्रतिस्पर्धा हुने विषय देखाएको नेताहरु बताउँछन्।

महाधिवेशनका लागि एक हजार आठ सय ४९ प्रतिनिधिको व्यवस्था गरिएकामा केही क्षेत्र र मातहतका कमिटीमा विवाद भएकाले प्रतिनिधि छनोट बाँकी छ। केही ठाउँमा निर्वाचन प्रक्रियाबाट समेत प्रतिनिधि छनोट गरिएको छ।

»» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

जापानमा नर्सिङ हेरचाह सुविधाहरुको मापदण्ड लचिलो बनाइँदै

जीपी लामिछाने/मध्यान्ह
टोकियो, ८ असार

जापानको कल्याण मन्त्रालयले बढ्दो श्रमिक अभावलाई सम्बोधन गर्न सन् २०२५ देखि नै विदेशी प्राविधिक प्रशिक्षार्थीहरुलाई रोजगारी दिन नर्सिङ हेरचाह सुविधाहरुको मापदण्डलाई सहज बनाउने योजना बनाएको छ।

हाल तीन वर्षभन्दा बढी समयदेखि सञ्चालनमा रहेका नर्सिङ केयरले मात्रै जापानको प्राविधिक इन्टर्न ट्रेनी कार्यक्रमअन्तर्गत विदेशी कामदारलाई काममा लगाउन सक्ने व्यवस्था छ। जापानको कल्याण मन्त्रालयको योजनाअनुसार अब तीन वर्षदेखि सञ्चालनमा नआए पनि विदेशी कामदार लिन पाउने सुविधा दिइनेछ।

तीन वर्षभन्दा यता स्थापना भएका सञ्चालकहरुले विदेशी कामदारका लागि तालिम सञ्चालन गर्नेजस्ता निश्चित सर्तहरु पूरा गरेमा विदेशी प्रशिक्षार्थीहरुलाई काममा लगाउन अनुमति दिइनेछ।

जापानले घर-घरमा पुगेर नर्सिङ केयर सेवाहरु प्रदान गर्न सक्ने विदेशी कामदारहरुको क्षेत्रलाई फराकिलो बनाउने योजना पनि बनाएको छ। त्यसमा प्राविधिक प्रशिक्षार्थीहरु, तोकिएको सीपको भिसा भएका कामदारहरु र जापानसँग आर्थिक साझेदारी सम्झौता भएका देशहरुबाट केयर गिभर लिइने जापानी समाचारपत्रहरुले उल्लेख गरेका छन्।

हाल नर्सरी हेरचाहको भिसा भएका व्यक्तिहरु र जापानसँग ईपीए भएका देशहरुका रजिस्टर्ड कामदारहरुलाई मात्र घर-घरमा पुगेर हेरचाहमा संलग्न हुन अनुमति दिइने द जापान न्यूज/एएनएनले जनाएको छ।

काउन्सिलर श्रम र श्रम सहचारीका लागि दरखास्त आह्वान

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले खाडी मुलुकका चार देशमा नयाँ काउन्सिलर श्रम र श्रम सहचारी नियुक्ति प्रक्रिया शुरु गरेको छ। मन्त्रालयले साउदी अरेबिया र यूएईका लागि काउन्सिलर श्रम र कतार तथा बहराइनका लागि श्रम सहचारी नियुक्तिको दरखास्त आह्वान गरेको हो।

काउन्सिलर श्रमका लागि उपसचिव र श्रम सहचारीका लागि शाखा अधिकृतले आवेदन दिन पाउने व्यवस्था छ। मन्त्रालयको सूचनाअनुसार इच्छुक कर्मचारीले असार २२ गतेसम्म आवेदन दिन पाउनेछन्। यूएईमा दीनबन्धु सुवेदी र साउदी अरेबियामा देवेन्द्र कार्की काउन्सिलर श्रम, बहराइनमा जमुना काफ्ले र कतारमा कृष्ण पौडेल श्रम सहचारीको जिम्मेवारीमा रहेका छन्।

अंग्रेजी भाषामा आईएलटीएस टेष्टमा ओभरअल ६ प्वाइन्ट, टोफेल, पीबीटी, सीबीटीमध्ये कुनै परीक्षामा कम्तीमा ५५०२१३.७९ हासिल गरेको वा पीटीई परीक्षामा कम्तीमा ५१ अंक प्राप्त गरेको हुनुपर्ने प्रावधान छ।

काउन्सिलर र श्रम सहचारीमा आवेदन दिन मन्त्रालय, वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र मातहत कार्यालय, राष्ट्रिय प्रशिक्षण प्रतिष्ठान, वैदेशिक रोजगार बोर्ड तथा सामाजिक सुरक्षा कोषमा कम्तीमा एक वर्ष काम गरेको हुनुपर्ने छ। मन्त्रालय मातहत काजमा आएका कर्मचारीले आवेदन दिन पाउनेछन् भने मन्त्रालयमा दरबन्दी भइ एक वर्षअघि काजमा गएका

»» पृष्ठ २ मा

खाना, बस्न फ्रि सहित युएइको प्रतिष्ठित कम्पनीमा रोजगार

कम्पनी: UNITED INTERNATIONAL GROUP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति:२०८०/१२/०१ चलानी नं.: ६०२१६५६३ LT. No.: 301765 पुन: विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रु.							
1.	जनरल मेसन (ब्लक/प्यास्टर/अलराउन्डर)	50	0	सम्बन्धित काममा दक्ष	1200	४३,५७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	सट्रिङ कार्पेन्टर (फर्मा मिस्त्री)	50	0		1000	३६,३१०							
3.	स्टिल फिक्चर (डण्डी मिस्त्री)	50	0		1000	३६,३१०							
4.	स्काफोल्डर	50	0		1200	४३,५७२							
5.	जनरल लेवर/हेल्पर	200	0		800	२९,०४८							

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधीद्वारा आज, भोली साथै हरेक साता सोमबार, बुधबार र शुक्रबार काठमाडौंमा हुनेछ ।

नोट: उल्लेखित Position को लागि काम जानेका, ट्रेनिङ गरेका वा गल्फ, इन्डिया नेपाल मै काम गरेको जो कोहीले अन्तर्वार्ता दिन सकिने ।
- अन्तर्वार्ता तयारीका निम्ती खान, बस्न सुबिधासहित नि:शुल्क तालिमको व्यवस्था गरिएको छ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारदाताले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारदाताले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रु. २३०८/- कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175503 | 9801175502 | 9801051244
श्रम इजाजत नं. ६३९/०६३/०६४

तत्काल गठबन्धनमा कुनै पनि समस्या छैन : सञ्चारमन्त्री शर्मा

सुनिल आउजी/मध्यान्ह
धनगढी, ८ असार

सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले तत्काल गठबन्धनमा कुनै पनि समस्या नरहेको भन्दै जनमत र नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा ल्याउन प्रयास भइरहेको बताएकी छन्। प्रेस सेन्टर कैलालीद्वारा शनिबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री शर्माले सो कुरा बताइन्।

उनले सरकार सूचना प्रविधि दशक अभियानको तयारीमा लागि परेको पनि बताइन्। मन्त्री शर्माले त्यसका लागि सरकारी कार्यदल बनाएर दश वर्षे गुरुयोजना निर्माण गरिने बताइन्। उनले सूचना प्रविधि दशक अभियानले निजी क्षेत्र उत्साहित भएको र सूचना प्रविधिलाई व्यवस्थित बनाउन सकिए अर्बौं राजस्व भित्र्याउन सकिने बताइन्।

मन्त्री शर्माले मिडिया काउन्सिल ऐन संसदमा रहेको र सामाजिक सञ्जालसम्बन्धी विधेयक, आमसञ्चार विधेयक दर्ता प्रक्रियामा रहेको तथा दूरसञ्चार ऐनको ड्राफ्ट तयार भएको जानकारी दिइन्। आमसञ्चारसम्बन्धी सबै विधेयक, कानून पारित भएमा पत्रकारिता क्षेत्रमा पुनर्संरचना हुने मन्त्री शर्माले बताइन्।

सरकारका प्रवक्तासमेत रहेकी सञ्चार तथा सूचना प्रविधि मन्त्री शर्माले सरकारले सुशासन, समृद्धि, सामाजिक न्यायका पक्षमा केन्द्रित भएर काम गरिरहेको बताइन्। जनताका आशा र अपेक्षालाई सम्बोधन हुने गरी सरकारले राम्रा काम गरिरहेको र त्यसले जनतालाई आशावादी बनाएको उनको भनाइ छ।

जनअपेक्षा अनुसार समयमै पाठ्यपुस्तक, मलखादको वितरण लगायतका कामलाई सरकारले व्यवस्थित ढंगले अघि बढाएको उनको भनाइ छ। यस्तै, ललिता निवास प्रकरण, भुटानी शरणार्थी, सुन काण्ड लगायतमा अडिग भइ सरकारले काम गरेको र त्यसले जोसुकै भएपनि सजाएको भागिदार हुन्छ भन्ने स्थापित गरेको छ।

पत्रकारको जिज्ञासामा मन्त्री शर्माले सरकारले विपद् व्यवस्थापनका लागि पूर्व तयारीको काम गरिरहेको र सञ्चारमाध्यममार्फत विपद् सचेतना सामग्री प्रसारणको व्यवस्था गरेको बताइन्। उनले भनिन्, 'बजेटका कारण सरकार तलमाथि हुँदैन, त्यो सम्भावना छैन, वर्तमान गठबन्धन राजनीतिक स्थायित्व दिनेगरी पूरै अवधि लैजाने सहमति भएको छ।'सरकार बजेट निर्माणको प्रक्रिया छ, विनियोजनमाथि छलफलमा छ, त्यसैले बजेट चाँडै पारित हुने उनको भनाइ छ।

बजेटमा देखिएका कमिकमजोरीलाई सुधार परिमार्जन गर्न प्रयत्न गरिने समेत उनले बताइन्। सञ्चारकर्मीको अर्को जिज्ञासामा मन्त्री शर्माले राजदूत लगायतका नियुक्ति सरकारको नियमित प्रक्रिया भएकाले त्यो स्वाभाविक भएको उल्लेख गर्दै त्यसलाई बजेटसँग जोड्न उपयुक्त नहुने बताइन्।

मन्त्री शर्माले सामाजिक सूचना सन्देश प्रवाहका क्षेत्रमा चलचित्र क्षेत्र महत्वपूर्ण प्रभावकारी माध्यम भएकाले सरकारले शारीरिकरुपमा अपाङ्गता भएका कला क्षमता भएकाहरूलाई पनि कला क्षेत्रमा जोड्ने गरी सरकार लागि परेको बताइन्।

मध्यान्हकर्मी बुढा मगर सम्मानित

रोल्पा/मस-रोल्पाको परिवर्तन गाउँपालिकाले मध्यान्हकर्मी सुर्य प्रकाश बुढा मगरलाई सम्मान गरेको छ। परिवर्तन गाउँपालिकाको ३६ औं गाउँकार्यपालिकाको निर्णय र आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार बुढा मगरलाई सम्मान गरिएको हो।

आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम तथा बजेट अधिवेशन र १७ औं गाउँसभाको अवसरमा प्रमुख अतिथि पूर्व सहायक मन्त्री भिम कुमारी बुढा मगर र परिवर्तन गाउँपालिकाका अध्यक्ष सुक बहादुर बुढामगरले नगद १५ हजारसहित सम्मानपत्र र खादासहित सम्मान गरेका थिए।

गत आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम तथा बजेट कार्यक्रमबाट परिवर्तन गाउँपालिकाको हरेक गतिविधिलाई सञ्चार माध्यममा प्रशारण तथा प्रकाशन गर्ने एक जना पत्रकारलाई सम्मान गर्दै आएको छ। सोही अनुसार यस वर्ष गाउँपालिकाले मध्यान्हकर्मी बुढा मगरलाई सम्मान गरेको हो। बुढा मगर संघीयता पुन:संरचना निमार्ण भएसँगै जिल्ला स्तरीय, प्रदेश स्तरीय र राष्ट्रिय सञ्चार माध्यममा आवद्ध हुँदै रोल्पा जिल्लाबाट निरन्तर पत्रकारिता गर्दै आएका छन्। बुढा मगरले राजनीतिक, खेलकुद, स्वास्थ्य, शिक्षा, पर्यटन, कृषि, कला संस्कृति, साहित्य र खोजमूलक समाचार हरुमा कलम चलाउँदै आएका छन्।

अर्थपूर्ण...

अर्थात् माओवादी केन्द्रले संसद्मा ल्याएको ३२ सिटकै कारण पुरा अवधि सरकारको नेतृत्व गर्ने प्रचण्डले विश्वास गरे। संसद्मा रहेको जादुवाला नम्बरकै कारण सरकारबाट बाहिर जाने चिन्ता लिनु नपर्ने प्रधानमन्त्री प्रचण्डले बताएका छन्। 'भोलि केही हुन्छ कि भन्ने कुरा बेकारको हो। त्यतापट्टी तपाईंहरुले दिमाग लानै पर्दैन' प्रचण्डले आग्रह गरे।

जबकी माओवादीसँग ३२ सिटको जादुवाला नम्बर भर्खरै प्राप्त भएको होइन। २०७९ को चुनावमा माओवादीले जितेको सिट संख्या हो, यो। तर प्रधानमन्त्री प्रचण्डले यसअघि सार्वजनिक रुपमै सरकार चलाउन कठिन परिरहेको बताउँदै आएका थिए।

सत्ता सञ्चालन गर्न सजिलो नरहेकै निष्कर्ष सहित तीन पटक सत्ता समीकरण परिवर्तनको निर्णय गरिसके। २०७९ मंसिरको चुनाव माओवादीले नेपाली कांग्रेस नेतृत्वको गठबन्धनबाट लडेको थियो। तर सरकार बनाउन एमालेसँग सहकार्य गर्न पुग्यो।

१० पुस २०७९ मा गठबन्धन फेरेर प्रचण्ड प्रधानमन्त्री भए। यसको दुई महिनाभित्रै एमालेसँग काम गर्न सजिलो नभएको भनेर माओवादीले कांग्रेससँग सत्ता सहकार्य गऱ्यो।

अर्को वर्ष अर्थात् गत २१ फागुनमा फेरि एमाले सहितको समीकरणमै प्रचण्ड फर्किएका छन्। यसरी लगातार सत्ता समीकरण फेरिरहेका प्रधानमन्त्री प्रचण्डलाई केही दिन अगाडिसम्म सत्ता टिकाउने चिन्ता थियो। प्रमुख प्रतिपक्षी कांग्रेसको नेतृत्वमा विपक्षीहरुले सदन चल्न दिएका थिएनन्।

तर १५ जेठभित्र बजेट ल्याउनैपर्ने संवैधानिक व्यवस्थाको दबावमा प्रधानमन्त्री प्रचण्ड थिए। कांग्रेसको माग पुरा गरेर बजेट ल्याउन सजिलो थिएन। किनकि कांग्रेसको माग बमोजिम गृहमन्त्री रवि लामिछानेलाई राजीनामा गराउँदा प्रचण्डले संसद्मा बहुमत गुमाउने थिए। यिनै अप्ठ्यारोका कारणले प्रचण्डले सत्ता सञ्चालनको कठिनाई सार्वजनिक गरिरहेका थिए।

तर संसदीय छानबीन समिति बनाएर विपक्षीहरुको माग सम्बोधन अनि गृहमन्त्रीले पनि पदबाट राजीनामा गर्नु नपर्ने अवस्था सिर्जना गर्न प्रधानमन्त्री सफल भए। बजेट आयो, बजेटमाथि छलफल लगभग सकिन लागेको छ। अब पारित गर्न प्रधानमन्त्रीलाई कुनै समस्या देखिदैन। यस्तो सहज अवस्था आउँदा प्रधानमन्त्रीले पुरै अवधि सरकारको नेतृत्व गर्ने आत्मविश्वास देखाएका छन्। जसलाई सामान्य अभिव्यक्तिका रुपमा लिन मिल्दैन।

किनकि हरेकपटक सत्ता समीकरण फेर्दा प्रचण्डले आलोपालो प्रधानमन्त्रीको सहमति गरेका छन्। गत २१ फागुनमा समीकरण फेर्दा पनि प्रचण्डले बाँकी अवधिको दुई/दुई वर्ष प्रधानमन्त्री हुने ओलीसँग सहमति गरेका छन्।

मेलम्ची...

पठाउन सकिन्छ त्यसका लागि खटिइरहेको र कर्मचारी परिचालन गरिरहेको जानकारी दिए।

आयोजनाको गेट बन्द गर्नुपर्ने अवस्थामा ४ जना कर्मचारीलाई तयारी अवस्थामा राखिएको र आयोजनाभन्दा माथिको भागमा बाढी आएको सूचना दिनमा लागि पनि मान्छे राखिएको लामिछानेले बताए।

२०७८ साल असार १ गते मेलम्ची नदीमा आएको भीषण बाढीका कारण मेलम्ची खानेपानी आयोजनाका संरचनाहरूमा ठुलो क्षति पुऱ्याएको थियो।

सुरुङभित्र पानी पठाउनुअघि त्यसलाई विभिन्न चरणमा फिल्टर गर्ने, मसिना ढुंगा, बालुवा लगायतका छान्ने संरचनाहरू सबै बाढीले बढाएका कारण पनि संवेदनशील हुनुपरेको उनले बताए। अहिले त्यस्ता केही पनि संरचना नभएकोले सुरुङमा बाढीको लेदो पस्ने जोखिम रहेको उनको भनाइ छ।

पानी पठाउन बन्द भएपछि मनसुन रोकिएसँगै आयोजना स्थलमा भरिने ग्रेगान सफा गरेर काठमाडौँमा पानी पठाइन्छ। अहिले सुरुङको मुखमा फलामका ठुला पाता राखेर सुरुङभित्र बाढीले ल्याएका ग्रेगान प्रवेश रोक्न सुरक्षा गर्ने काम भइरहेको छ।

आयोजनाको मुहानस्थल आठ सय मिटरदेखि एक किलोमिटर कहाँ सार्न सकिन्छ भन्ने बारेमा अध्ययन कार्य पनि जारी रहेको अधिकारीहरूले बताएका छन्।

स्वार्थ...

महाधिवेशन आयोजक समिति स्वतः प्रतिनिधि हुने व्यवस्था गरिएकाले करिब चार सय ५० केन्द्रीय नेता स्वतः प्रतिनिधि हुनेछन्।

यसअघि केन्द्रीय नेता पनि चुनियर आउनपर्ने निर्णय गरिएकामा उक्त व्यवस्थालाई संशोधन गरी केन्द्रीय तहका नेता स्वतः प्रतिनिधि हुने व्यवस्था गरिएको छ। यसो गर्नुको कारण शीर्ष नेताहरुको नेतृत्वको आकांक्षा जोडिएको नेताहरु बताउँछन्।

छनोट गरिएका प्रतिनिधिको कूल संख्याको पाँच प्रतिशत अर्थात ९५ जना मनोनयन गर्ने व्यवस्था पनि छ। केही दिनमा ती प्रतिनिधि मनोनयन गरिने पार्टी कार्यालयले जनाएको छ। अर्थात, यसले समेत हाल संस्थापन पक्षमा रहेका वा पार्टी नेतृत्व गरिरहेका माधव कुमार नेपाललाई सहयोग पुऱ्याउने नेताहरुको दाबी छ।

तत्कालीन नेकपा एमालेसँग अलग भएर गठन गरिएको एकीकृत समाजवादीले पहिलो पटक महाधिवेशन गर्न लागेको हो। यसका सदस्य एमालेकै निरन्तरताबाट आएकाले दशौं महाधिवेशन गर्न लागिएको हो।

पार्टीको वैचारिक दृष्टिकोणका साथै नीति तथा कार्यक्रम पारित गर्ने महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ। संघीय संसदमा १० र राष्ट्रियसभामा आठ सदस्य रहेको पार्टीले सुदूरपश्चिम प्रदेशमा सरकारको नेतृत्व गरेको छ।

सानो संख्या भएता पनि संसदीय अंकगणितमा एकीकृत समाजवादीको उपस्थिति अर्थपूर्ण भएकाले ठूला दलहरु समेत यो पार्टीको नेतृत्वमा आफू अनुकुल नेतृत्व होस् भन्ने चाहन्छन्। प्रदेश सभामा एकीकृत समाजवादीको रहेको संख्या वर्तमान सत्ता गठबन्धनका लागि आवश्यक छ। एकीकृत समाजवादीको हालको संख्या कांग्रेससँग हुँदा पनि कांग्रेसका लागि प्रदेश सभामा थप सहज हुन्छ। यसकारण कांग्रेस र एमाले एकीकृत समाजवादीमा आफू अनुकुल नेतृत्व आओस् भन्ने चाहन्छ।

माधव कुमार नेपाल नेतृत्वमा दोहोरिए सहज हुने नेपाली कांग्रेसको बुझाइ छ। यसकारण कांग्रेस माधव नेपाल नै नेतृत्वमा दोहोरिए प्रधानमन्त्री बन्न सक्ने आश एकीकृत समाजवादीका नेता/कार्यकर्ताकहाँ पुऱ्याइरहेको छ। ताकी प्रधानमन्त्री ने पाउने आशमा एकीकृत समाजवादीमा माधव नेपाल नेतृत्वमा दोहोरिउन।

एकीकृत समाजवादीमा एमाले भन्दा अलग हुन नसकेको बुझाई राख्नेहरु पनि छन्। समय मिलाएर एमालेसँग एक भएर जानुपर्ने मत राख्नेहरु पनि छन्। यस्तो मत राख्नेहरुलाई एमाले नेताहरुको अभिव्यक्तिले ढाढस दिने गरेको छ। एकीकृत समाजवादीसँग एकता गर्ने र एकीकृत समाजवादीका नेताहरुलाई सम्मानजनक उपस्थिति पार्टीमा गराएर एमाले सबैभन्दा ठूलो पार्टी बन्ने सोचमा छ।

संसदको सबैभन्दा ठूलो दल बन्नका लागि एमाले एकीकृत समाजवादीसँग एकता गर्न चाहन्छ र ठूलो बन्ने ध्याउन्नमा एमाले नेतृत्वले एकीकृत समाजवादीलाई सम्मानजनक उपस्थिति पार्टीमा गराउँछ भन्ने सन्देश दिइरहेका छन्। ताकी, झलनाथ खनाल जस्तो एमालेसँग एकता गर्नुपर्छ नेतृत्व एकीकृत समाजवादीमा स्थापित होस्।

झलनाथ खनाल एकीकृत समाजवादीको नेतृत्वमा आए उनलाई संसदमा ल्याउन भूमिका खेल्ने आश्वासन पनि एमाले नेताहरुले एकीकृत समाजवादीका नेता/कार्यकर्ताकहाँ पुऱ्याएका छन्। यसका लागि कुनै प्रतिनिधि सभा सदस्यलाई फिर्ता बोलाउने वा राष्ट्रिय सभा सदस्यको निर्वाचन लगायतका विकल्प दिइएका छन्। ताकी, एमालेसँग एकता गरेर अगाडि बढ्न चाहने नेताहरुले झलनाथ खनाललाई नेकपा एसको नेतृत्वमा स्थापित गराउन सकियोस्।

तर, यसमा एमालेको सत्ता राजनीतिक छ। केहीगरी माधव नेपाल दोहोरिए उनी सँधै कांग्रेसका लागि सहयोगी हुने एमाले नेतृत्वको बुझाइ छ। एमाले नेतृत्व पनि माधव नेपालसँग सहकार्य गर्न नसकिनेमा प्रष्ट रहेको नेताहरु बताउँछन्।

यो दुवै खेमामा नरहेका र खासगरी युवा पुस्ता घनश्याम भुसाललाई नेतृत्वमा अगाडि सार्न खोज्दैछन्। माधव नेपालले पार्टीमा पकट जमाएकाले हाफू हार्ने जस्तो देखे उनले भुसाललाई सहयोग गर्ने पनि कितपय नेताहरुको विश्वास छ। भुसाल पनि बृहत बामपन्थी एकताको पक्षमा छन्। उनी एमाले सहितको ध्रुविकरणको पक्षमा वकालत गरिरहेका नेता हुन्। यसकारण माधव नेपाल नभएर झलनाथ खनाल आउँदा राम्रो र झलनाथ खनाल आउन नसक्ने अवस्थामा भुसाल नेतृत्वमा आउनु उचित भन्ने बुझाईमा छ।

काउन्सिलर...

कर्मचारीले भने आवेदन दिन नपाउने व्यवस्था छ। आवेदन दिने कर्मचारीले काम गर्न जान चाहेको मुलुक पनि आवेदनमा खुलाउनुपर्नेछ।

छनोट हुन ज्येष्ठता र अनुभवका लागि १५ अंक, अंग्रेजी भाषा ज्ञानका लागि १० अंक, व्यावसायिक कार्य योजना र प्रस्तुतीकरणका लागि १० अंक तथा सचिवको मूल्यांकनबापत ५ अंक गरी ४० पूर्णांकको परीक्षामा बढी अंक प्राप्त गर्नुपर्नेछ। नतिजा धेरै हदसम्म सचिवको ५ अंकमा निर्भर हुने यसअघि उक्त पदमा छनोट हुन नसकेका आकांक्षीहरुले टिप्पणी गर्ने गरेका छन्।

यमुनामाईको आठौं गाउँ सभा

३३ करोड ८२ लाख बढीको बजेट प्रस्तुत

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ८ असार

यमुनामाई गाउँपालिकाले आठौं गाउँसभा सम्पन्न गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन अनुसार असार १० गतेभित्र नगरसभा तथा गाउँसभा सम्पन्न भइसक्नुपर्ने व्यवस्थालाई मध्य नजर गर्दै यमुनामाई गाउँपालिकाले शनिबार गाउँसभा सम्पन्न गरेको हो।

कार्यक्रममा यमुनामाई गाउँपालिका वडा नं.१ का अध्यक्ष तथा गाउँपालिका प्रवक्ता नन्दलाल यादवले अनुमानित रकम ३३ करोड ८२ लाख ६ हजार ९९९ रुपैयाँ प्रस्तुत गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष महमद साउदले भने,'सत्ता पक्ष र प्रतिपक्ष नभनी समझदारीका साथ अघि बढ्नुपर्ने आवश्यकता छ।' उनले जनताको समस्या समाधानका लागि अघि बढ्नुपर्नेमा जोड दिए।

गाउँ सभाको पहिलो बैठकमा एकमुष्ट बजेट प्रस्तुत गरिएको भएपनि त्यसपछिका बैठकमा छलफल गरी बजेटलाई शिर्षकगत रुपमा छुट्याएर नगरसभाले सर्वसम्मत पारित गरेको यमुनामाई गाउँपालिकाका नि.प्रशासकीय अधिकृत रामश्रेष्ठ यादवले जानकारी दिए। यस गाउँ सभाले आफ्ना नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, खेलकुद, भौतिक पूर्वधार, कृषि, पशुपक्षी, खानेपानी तथा सरसफाई, उद्योग, वाणिज्य तथा वित्तीय लगायतका क्षेत्रलाई विशेष प्रथमिकता दिएको अधिकृत यादवले बताए।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बझाङले खप्तडमा मनायो योग दिवस

रुपक खड्का/मध्यान्ह
बझाङ, ८ असार

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बझाङले १०औं अन्तर्राष्ट्रिय योग दिवस खप्तड राष्ट्रिय निकुञ्जमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाएको छ। यस वर्ष 'आफू र समाजका लागि योग' भन्ने मूल नाराका साथ खप्तडको त्रिवेणी धाममा योग दिवस मनाइएको हो।

सामजिक विकास मन्त्रालय, प्रादेशिक आयुर्वेद चिकित्सालय कैलाली र पतञ्जली योग समिति बझाङको प्राविधिक सहयोगमा आयोजना गरिएको कार्यक्रममा पूर्वमन्त्री गिरिराजमणि पोखरेलको प्रमुख आतिथ्यता रहेको थियो भने ८० जना आन्तरिक तथा बाह्य पर्यटकले योगाशनमा भाग लिएका थिए।

कार्यात्रममा पूर्वमन्त्री पोखरेलले खप्तड राष्ट्रिय निकुञ्जमा धार्मिक तथा आध्यात्मिक खालका कार्यक्रम गरेर पर्यटक भित्र्याउन सकिने बताए। उनले योग शारीरिक अभ्यास मात्र नभइ निश्चित नियम, विधि र प्रक्रियामा रही अपनाउने वैज्ञानिक जीवनशैली तथा जीवनपद्धति भएको उल्लेख गरे।

खप्तड बाबा स्वामीले लामो समय यो क्षेत्रमा ध्यान गरेर विश्वमै विद्वानको उपाधि पाएको स्मरण गर्दै उनले प्रत्येक व्यक्तिलौ स्वस्थकर जीवनयापनका लागि शारीरिक, मानसिक र आध्यात्मिकरुपमा सवल बनाउन योगले सहयोग पुऱ्याउने बताए। 'शरीरलाई स्वस्थ र फुर्तिलो बनाउने तथा मनलाई स्वच्छ र शान्त बनाउने सर्वोत्तम उपाय योग हो,' उनले भने।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बझाङका निमित्त कार्यालय प्रमुख कृष्ण कठायतले योग ध्यानका लागि खप्तड राष्ट्रिय निकुञ्ज सबैभन्दा उपयुक्त ठाँउ भएको र योग पर्यटनका लागि पनि आन्तरिक तथा बाह्यय पर्यटकको रोजाइमा पर्ने बताए। जडिबुटीको खानी र स्वच्छ हावापानी भएकाले पनि खप्तड योग पर्यटनका निम्ति अत्यन्तै सम्भावनायुक्त क्षेत्र भएको उनको भनाइ थियो।

'सरकारले काम सम्पन्न भएका योजनाको भुक्तानी तत्काल दिनुपर्छ'

सरु भुसाल/मध्यान्ह
अर्घाखाँची, ८ असार

वरिष्ठ निर्माण व्यवसायी राजकुमार बिडारीले अघिल्लो सरकारले गरेका कामलाई अर्को सरकारले अपनत्व लिन्नँ भन्न नमिल्ने बताएका छन्। निर्माण व्यवसायीको समस्या समाधानमा सरकार गम्भीर हुन नसकेको बताउँदै बिडारीले अघिल्लो सरकारले गरेका कामलाई अर्को सरकारले अपनत्व लिनुपर्ने बताएका हुन्।

अर्थमन्त्री वर्षमान पुनले बजेट सार्वजनिक गर्दा पनि निर्माण व्यवसायीहरूलाई सरकारले तत्काल भुक्तानी दिने गरी बजेट व्यवस्थापन नगरेको उनले बताए। शनिबार सञ्चाकर्मीहरुसँग कुराकानी गर्दै बिडारीले अर्थमन्त्री पुनले वर्तमान सरकार विगतको सरकारको निरन्तरता हो भन्ने कुरा बिर्सन नहुने बताए।

व्यवसायी बिडारीले भने, 'निर्माण व्यवसायीहरूलाई भुक्तानी दिन नसक्ने कुरा गलत हो, सरकारले अहिले म्याद थप गर्ने ३ हजार आयोजनाको ४ खर्ब रुपैयाँ भुक्तानी गर्न सक्दैन भनेको छ। यो कुरा अर्थमन्त्रीले स्वीकार गरेका छन्, तर विगतका वर्षहरूमा विगतका सरकारहरूले गरेका कमीकमजोरीलाई यो सरकारले त्यसको अपनत्व गर्दिनँ भन्न मिल्दैन। यसको निकास दिने जिम्मेवारी अर्थमन्त्रीको हो, व्यवसायीले भुक्तानी पाउनुपर्छ।'

निर्माण कार्य सकेका आयोजनाको पाउनुपर्ने भुक्तानी सरकारले तत्काल व्यवस्था गर्नुपर्ने उनको भनाइ छ। उनी भन्छन्,'भुक्तानीको व्यवस्थापन गर्न नसक्ने भए त्यस्ता आयोजनाहरूलाई सरकारले खारेज गर्नुपर्छ।' उनले सरकार अभिभावक भएको भन्दै जनतालाई भ्रमित गर्ने काम, निर्माण उद्योगलाई ध्वस्त बनाउने काम गर्न नहुने पनि बताए। निर्माण व्यवसायीहरूलाई समाप्त पारे मुलुककै अर्थतन्त्र समाप्त हुने उनको भनाइ छ।

बज्रयोगिनी योग साधना केन्द्रको वार्षिकोत्सव सम्पन्न

काठमाडौं/मस-बज्रयोगिनी योग साधना केन्द्रको वार्षिकोत्सव सम्पन्न भएको छ। तीन दिवसीय कार्यक्रमको आयोजना गरी केन्द्रले वार्षिकोत्सव मनाएको हो।

पहिलो दिनको कार्यक्रम योग जागरण र रक्तदान गर्न उत्प्रेरित गरिएको थियो। यस्तै दशौं अन्तर ष्ट्रिय योग दिवसको उपलक्ष्यमा प्रभातफेरीको आयोजना गरिएको थियो। प्रभातफेरिको तारकेश्वर नगरपालिका पतञ्जली योग समितिका अध्यक्ष चन्द्र सापकोटाले शुभारम्भ गरेका थिए। उक्त प्रभातफेरीमा सातवटा योग साधना केन्द्रका साधाक/साधिका, स्थानीयवासी, प्रहरी, सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो। दोस्रो दिनको कार्यक्रम अन्तर्गत असार ७ गते वार्षिकोत्सवका दिन तारकेश्वर नगरपालिका ४ को वडा सदस्य बिन्दु थापा सापकोटाको प्रमुख आतिथ्यतामा योग अभ्यास, योग आसन, खेलकुद, रचना वाचन, योग र दर्शनको प्रवचन र साथमा विभिन्न विशिष्ट व्यक्तिहरुले शुभकामना व्यक्त गरेका थिए।

तेस्रो दिन असार ८ गते वृहत् रक्तदानको आयोजना गरिएको थियो। तारकेश्वर नगरपालिका ४ का वडा अध्यक्ष नरेन्द्रदास श्रेष्ठको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको कार्यक्रममा झण्डै एक सय जना रक्तदाताबाट रगत संकलन गरिएका थियो।

अन्त्यमा तीन दिने कार्यक्रमा विभिन्न विद्यामा भाग लिने सहभागीहरु,रक्तदान गर्ने रक्तदाताहरु, वार्षिकोत्सव भव्य बनाउन सहयोग गर्ने महानुभावहरुलाई प्रशंसा पत्र, सम्मान पत्र प्रदान गर्दै समापन गरिएको थियो।

कार्यक्रमका सञ्चालक राजेन्द्र घिमिरे सागरले यो कार्यक्रमले योग जागरण र रक्तदान गर्नमा देशव्यापी रुपमा उत्साह हुने विश्वास व्यक्त गरेका थिए।

कार्यक्रममा अध्यक्ष सुमन थापाले सत् कर्ममा निरन्तर लागि रहेकाले हाम्रो परिचय हाम्रो गतिविधिले गराउने बताउँदै कार्यक्रम सफल बनाउने सबैलाई धन्यवाद ज्ञापन गरे।

वीरगञ्ज महानगरको बजेट २ अर्ब ८९ करोड ४८ लाख

आबिद हुसेन/मध्यान्ह
वीरगञ्ज, ८ असार

वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि बजेट सार्वजनिक गरेको छ। शनिबार आयोजित १५औं नगर सभामार्फत महानगरले बजेट सार्वजनिक गरेको हो।

चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि महानगरपालिकाको बजेट ६२ करोडले घटेर आएको छ। आगामी आर्थिक वर्षका लागि महानगरले २ अर्ब ८९ करोड ४८ लाख रुपैयाँको बजेट ल्याएको छ। चालु आर्थिक वर्षमा महानगरको बजेट संशोधितसहित ३ अर्ब ५१ करोड रहेको छ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा शुरु भएको नगर सभामा बजेट प्रस्तुत गर्दै उपप्रमुख इम्तियाज आलमले चालु आर्थिक वर्षमा समानीकरण अनुदान रकम अन्तिम त्रैमासिकको २५ प्रतिशत रोक्का रहेको, संघीय सरकारको राजस्व असुलीमा आएको संकुचनका कारण राजस्व बाँटफाँट घट्न गएको, घर जग्गा कारोबारमा आएको मन्दीका कारण घरजग्गा रजिष्ट्रेशन आयस्रोत समेत घट्न जाँदा आगामी आर्थिक वर्षका लागि बजेटको आकार घटाउनुपरेको बताए। यस्तै प्रदेश सरकारवाट सशर्त अनुदान र विशेष अनुदानको रुपमा थप अनुदान रकम प्राप्त हुन नसक्दा समग्रमा राजस्व परिचालन लक्ष्यअनुरुप नभएकाले पनि काम गर्न कठिनाइ भएको उनले बताए।

चालु आर्थिक वर्षको तुलनामा बजेट घटेर आएको भए पनि बजेटमा वीरगञ्जलाई सुन्दर, समुन्नत र समृद्ध बनाउने गरी विषेश कार्यक्रम समेटिएको छ। नगर सभामा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा चालु खर्चतर्फ दुई अर्ब ४ करोड ६६ लाख अर्थात ७०.७ प्रतिशत छुट्याइएको छ भने पुँजीगत खर्चतर्फ ८१ करोड १८ लाख ८ हजार अर्थात २८.१ प्रतिशत बजेट विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षका लागि महानगरले खर्च व्यहोर्ने स्रोतहरूमध्ये आन्तरिक राजस्वबाट ७९ करोड ७५ लाख, नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट १ अर्ब २७ करोड ९० लाख, संघीय राजस्व बाँटफाँटबाट २६ करोड ८० लाख रहेको छ। त्यसैगरी प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट ५ करोड ३५ लाख, प्रदेश राजस्व बाँटफाँटबाट २ करोड २८ लाख र नगद मौज्दातबाट १० करोड खर्च व्यहोर्ने गरी बजेट व्यवस्थापन गरिएको महानगरले जनाएको छ।

अधिवेशनमा महानगरपालिकाका प्रमुख प्रसाशकीय अधिकृत मातृका भट्टराई, महानगरपालिकाका ३२ वटै वडाका अध्यक्षहरू, वडा समिति सदस्यहरु तथा कर्मचारीहरुको सहभागिता रहेको छ।

लुम्बिनीमा नमुना युवा प्रदेश सभा अभ्यास कार्यक्रम शुरु

सुर्य प्रसाद भुसाल/मध्यान्ह
बुटवल, ८ असार

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयअन्तर्गत प्रदेश युवा परिषद्ले सञ्चालन गरेको ४ दिने नमुना युवा प्रदेश सभा अभ्यास कार्यक्रम शुरु भएको छ। शनिबार लुम्बिनी प्रदेश सरकारका सामाजिक विकास मन्त्री रत्नबहादुर खत्रीले कार्यक्रमको उद्घाटन गरे।

युवा परिषद्ले युवाहरुको नेतृत्व विकास र क्षमता विकासका लागि वार्षिकरुपमा नमुना युवा प्रदेश सभा अभ्यास कार्यक्रम सञ्चालन गर्दै आएको छ। युवा परिषद्को कार्यविधिअनुसार पहिलो चरणमा स्थानीय तहमा नगर/गाउँ सभाको अभ्यास गराइन्छ। नगर/गाउँबाट छनोट भएका युवाहरुलाई दोस्रो चरणमा प्रदेश नमुना सभामा सहभागी गराइने प्रदेश युवा परिषद्का उपाध्यक्ष गोविन्दबहादुर बस्नेतले बताए। उपाध्यक्ष बस्नेतले नमुना युवा प्रदेश सभा अभ्यास गरिसकेपछि त्यहाँबाट छनोट भएकालाई तेस्रो चरणमा संघीय तहमा सहभागी गराइने बताए।

प्रदेशका १२ वटा जिल्लाका पालिकामा नमुना युवा गाउँ/नगर सभा सञ्चालन भएपछि पालिकाबाट सिफारिस भइ आएका ४३ जनाको सहभागितामा युवा प्रदेश सभा अभ्यास कार्यक्रम शुरु भएको हो। ४ दिन चल्ने अभ्यासका क्रममा १६-२४ वर्षका युवाहरुलाई नमुना युवा प्रदेश सभा अभ्यासका विभिन्न सत्रमा सामाजिक विकास मन्त्रालयका सचिव विनोदकुमार खड्का, नेकपा माओवादी केन्द्रका मुख्य सचेतक इन्द्रजित थारु, प्रकाश उपाध्याय, डम्बर खराल, सरोज खनाललगायतले शासकीय स्वरुप र राज्य सञ्चालनको प्रक्रिया, प्रदेश सभामा कानून निर्माणको प्रक्रिया, सभामा पेस गरिने विधेयक, छलफल र पारित, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच अन्तर सम्बन्धलगायतका विषयमा बहस तथा छलफल गरिने कार्यकारी सदस्य सरोज खनालले बताए।

लुम्बिनी प्रदेश युवा परिषद्का उपाध्यक्ष गोविन्दबहादुर बस्नेतको अध्यक्षता, कार्यकारी सदस्य सरोज खनालको सञ्चालन र डम्बर खरालको स्वागत मन्तव्यमा सम्पन्न उद्घाटन सत्रमा सामाजिक विकास मन्त्रालयका सचिव विनोद कुमार खड्का, मन्त्रालयका उपसचिव थानेश्वर ज्ञवाली, दिवकार भण्डारीलगायतको उपस्थिति रहेको थियो।

गौरीशंकर गाउँपालिकाको नवज्योति आधारभूत विद्यालय सर्वोत्कृष्ट घोषित

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, ८ असार

गौरीशंकर गाउँपालिकास्थित सुरीमा रहेको नवज्योति आधारभूत विद्यालय सर्वोत्कृष्ट विद्यालय घोषित भएको छ। आधारभूत शिक्षा परीक्षा २०८० मा उत्कृष्ट नतिजा ल्याएको आधारमा विद्यालय सर्वोत्कृष्ट ठहरिएको हो।

शुक्रबार गाउँपालिकाले एक कार्यक्रमका बीच उत्कृष्ट ठहरिएका विद्यालय, विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावकलाई पुरस्कार र सम्मान प्रदान गरेको छ।

नतिजाका आधारमा जुगुमा अवस्थित निलकण्ठेश्वर मावि दोस्रो र खारेमा अवस्थित खारे मावि तेस्रो भएको छ। यस्तै, सर्वोत्कृष्ट विद्यार्थीतर्फ निलकण्ठेश्वरमा अध्ययनरत सकिल कार्की प्रथम, हलेश्वर माविका विज्ञान खड्का दोस्रो र निलकण्ठेश्वर माविकै सिताराम खत्री तेस्रो भए।

त्यसैगरी उत्कृष्ट शिक्षकमा नेपाली विषयतर्फ सुशीला खड्का, अंग्रेजी विषयतर्फ तारा बहादुर थापा, सामाजिक शिक्षामा सुनिता खत्री, विज्ञान तथा प्रविधि शिक्षामा कुशुम तामाङ, स्वास्थ्य तथा शारीरिक शिक्षाअन्तर्गत उद्धव खड्का र कम्प्युटरतर्फ सुवास विश्वकर्मा उत्कृष्ट घोषित भए। कार्यक्रममा १७ बुँदे प्रधानाध्यापक कार्यसम्पादन सम्झौता हस्तान्तरण पनि गरिएको छ।

बालविवाह रोक्न सरोकारवालासँग अन्तरक्रिया

कमल कुमाल/मध्यान्ह
कालीकोट, ८ असार

स्थानीय स्तरमा हुने बालविवाह जस्ता घटनाहरु रोक्न सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम गरिएको छ। मानव अधिकार तथा वातावरण विकास केन्द्र हुरेन्डेक नेपाल कालीकोटका अध्यक्ष जजराज शाहीको अध्यक्षता तथा आवाज संस्था सुर्खेत र हुरेन्डेक नेपाल कालीकोटको समन्वयमा सरोकारवालहरुसँग अन्तरक्रिया कार्यक्रम गरिएको हो।

हुरेन्डेक नेपाल कालीकोटका अध्यक्ष शाहीले बालविवाह कानूनी अपराध रहेको बताउँदै यसलाई न्यूनीकरण गर्न सबै आ-आफ्नो ठाउँबाट लागिपर्नुपर्नेमा जोड दिए। आर्थिक अवस्था कमजोर, सामाजिक तथा चेतनाको कमीले गर्दा प्रायःजसो दलित समुदायमा बालविवाह हुने गरेको बताउँदै उनले २० वर्ष नपुगी कसैले पनि विवाह गर्न नहुने बताए।

समाजका लागि बालविवाह एक घातक रोग रहेको बताउँदै शाहीले यसलाई न्यूनीकरण गर्नका लागि प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग तथा जिल्लामा रहेका विभिन्न साझेदार संस्थाको प्रभावले गर्दा पहिलेभन्दा अहिलेको तथ्यांकमा बालविवाहको दरमा कमी आएको बताए।

विगत केही वर्षदेखि बालविवाहविरुद्ध साझा अभियानले जिल्लाको शुभकालिका गाउँपालिका, महावै गाउँपालिका र खाँडाचक्र नगरपालिकामा बालविवाह न्यूनीकरण गर्नका लागि सरोकारवालाहरुसँग समन्वयात्मक बैठक, बालविवाहसम्बन्धी कानूनी प्रावधानमा अभिमुखीकरण, बालविवाह र जबरजस्ती विवाहजस्ता घटनालाई न्यूनीकरण तथा रोकथामसम्बन्धी अभिमुखीकरणजस्ता कार्यक्रम सञ्चालन गर्नुका साथै कर्णाली प्रदेशका १० जिल्लाका ३० वटा पालिकामा काम गरिरहेको साझा अभियानका जिल्ला संयोजक खडानन्द अधिकारीले बताए।

गत वर्ष रास्कोट नगरपालिकामा हुन लागेका १७ वटा बालविवाह बदर गर्न सफल भएको हुरेन्डेकका सामाजिक परिचालक अमना कुमारी संज्यालले बताइन्। जिल्ला प्रहरी कार्यालय कालीकोटमा गत वर्ष बालविवाहसम्बन्धी २ वटा मुद्दा आएको थियो भने अहिले कुनै मुद्दा नआएको बताइएको छ। कार्यक्रम बालविवाहविरूद्ध साझा अभियान कालीकोटका सदस्य तथा पत्रकार किरण अधिकारीले सञ्चालन गरेका थिए।

कपिलवस्तु कारागारबाट सुरुङ खनेर भागेका कैदी १४ वर्षपछि पक्राउ

क्षितिज किरण/मध्यान्ह
कपिलवस्तु, ८ असार

कपिलवस्तु कारागारबाट २०६६ साल माघ २ गते सुरुङ खनेर फरार भएका प्रतिवादी भारतीय नागरिकलाई कपिलवस्तु प्रहरीले १४ वर्षपछि पक्राउ गरेको छ। कपिलवस्तु कारागारबाट सुरुङ खनेर भागेका ८ जना कैदीमध्येका भारत उत्तर प्रदेश जिल्ला सिद्धार्थनगर चिल्हिया घर भएका स्कुल मिया अन्सारी भनिने मोहम्मद स्कुललाई कपिलवस्तु प्रहरीले १४ वर्षपछि नियन्त्रणमा लिएको हो।

६ वर्ष ५ महिना ९ दिन कैद र ४ लाख ५० हजार जरिवाना असुल उपर गरिनुपर्ने उनलाई जिल्लाको शिवराज नगरपालिका वडा नम्बर ७ बाट कपिलवस्तु प्रहरीको विशेष टोलीले नियन्त्रणमा लिएको हो।

२०६६ माघ २ गते उनीसहितका ८ जना २१ फिट सुरुङ खनेर कारागारको पूर्वी पर्खालबाट भागेका थिए। कारागारबाट भाग्नेहरुमा डाँका मुद्दामा कैद सजाय भोग्दै आएका मोहम्मद स्कुलसहित कर्तव्य ज्यान मुद्दाका रामजस मौर्य, प्रभु तेली र श्रवण कुमार मुराउ थिए।

त्यस्तै लागुऔषध मुद्दाका सन्तोष कहार, हातहतियार तथा खरखजाना मुद्दाका केदार साहनी, बगेदु मुसलमान र जबरजस्ती करणी मुद्दाका सन्तकुमार पासी कारागारबाट भागेका थिए।

सुरुङ खनेर भागेका ७ जना फरार प्रतिवादीलाई कपिलवस्तु प्रहरीले यसअघि नै पक्राउ गरिसकेको थियो। मोहम्मद स्कुल पक्राउ परेसँगै सुरुङ खनेर भागेका ८ जनै फरार प्रतिवादी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जानकारी दिएको छ।

कपिलवस्तु प्रहरीले चालु आर्थिक वर्षको हालसम्मको अवधिमा १ सय २६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ। जसबाट १ सय ४७ वर्ष १० महिना कैद भुक्तानी र १६ लाख १३ हजार ५ सय ४५ रुपैयाँ जरिवाना असुल हुनेछ। अपराध गर्ने व्यक्ति अनुसन्धान पूरा नहुदै फरार भएको भए अनुसन्धान पूरा गरी कारबाही अगाडि बढाउन र अदालतले सजाय तोकेका व्यक्तिको हकमा कानूनको दायरामा ल्याउन कपिलवस्तु प्रहरीले फरार अपराधी पक्राउ अभियानलाई प्राथमिकतामा राखेको हो।

फरार प्रतिवादीहरुमा पनि ठूला अपराधमा संलग्नहरुलाई विशेष निगरानी गरी पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरीक्षक नवरत्न पौडेलले जानकारी दिए। फरार प्रतिवादी पक्राउका लागि प्रहरीको विशेष टोली खटाइएको उनले बताए।

परिवर्तन गाउँपालिकाद्वारा विद्यार्थी र लोकसेवामा नाम निकाल्नेलाई सम्मान

सुर्य प्रकाश बुढा मगर/मध्यान्ह
रोल्पा, ८ असार

परिवर्तन गाउँपालिकाले पालिका स्तरीय कक्षा -५ र कक्षा -८ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ। गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम तथा बजेट अधिवेशन र १७ औं गाउँसभाको अवसरमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको हो। प्रमुख अतिथि भिम कुमारी बुढा मगर र गाउँसभाका अध्यक्ष सुक बहादुर बुढा मगरले सम्मान पत्र, खाँडा र नगदसहित सम्मान गरेका थिए।

गाउँकार्यपालिकाको निर्णय अनुसार प्रथम हुने बालकल्याण मावि परिवर्तन गाउँपालिका -१ कुरेली उपबाङका विद्यार्थी सुनिल रोका मगरलाई २ हजार ५ सयसहित सम्मानपत्र र खादासहित सम्मानित गरेको छ। कक्षा-८ बाट द्वितीय जनसेवा नमूना मावि परिवर्तन गाउँपालिका - २ राङ्सीका विद्यार्थी विमला डाँगीले नगद रु.२ हजारसहित सम्मानपत्र र खादासहित सम्मानित भएकी छन्। तृतीय बालकल्याण माविका विद्यार्थी एलिना बुढा मगरले नगद २ हजारसहित सम्मानपत्र र खादासहित सम्मानित भएका छिन्। त्यस्तै सान्त्वना जनसेवा नमूना माविका विद्यार्थी शलिना वि.क.ले १ हजार ५ सयसहित सम्मानपत्र र खादासहित सम्मानित भएकी छन्। कक्षा -५ बाट प्रथम जीवन ज्योति प्रावि परिवर्तन गाउँपालिका-२ राङ्सीका विद्यार्थी बिसिका केसी नगद २ हजारसहित सम्मान पत्र र खादासहित सम्मानित भएका छन्। द्वितीय अति ज्ञान ज्योति प्रावि परिवर्तन गाउँपालिका -२ राङ्सीका विद्यार्थी सुशील डाँगीले नगद १ हजार ५ सयसहित सम्मान पत्र र खादासहित सम्मानित भएका छन्। तृतीय नेपाल राष्ट्रिय नमूना मावि परिवर्तन गाउँपालिका -५ का विद्यार्थी स्मार्ट केसीले नगद १ हजारसहित सम्मान पत्र र खादासहित सम्मानित भएका छन्। सान्त्ववना बालकल्याण मावि परिवर्तन गाउँपालिका -१ कुरेलीका विद्यार्थी गगन बुढा मगर नगद १ हजारसहित सम्मान पत्र र खादासहित पालिकाबाट सम्मानित भएका छन्।

उत्कृष्ट विद्यालयमा परिवर्तन गाउँपालिका -५ को त्रिवेणी आवि राङ्कोटको विद्यालयलाई सम्मान गरिएको छ। विद्यालयका प्रधानाध्यापक कृष्णराम डाँगीलाई नगद १ हजार ५ सयसहित सम्मान पत्र र खादाले सम्मान गरिएको छ।

यसैबीच गाउँपालिकाले विभिन्न लोकसेवा आयोगमा नाम निकाल्ने व्यक्तिहरुलाई सम्मान गरेको छ। गाउँपालिकाले २०८० साउनदेखि हालसम्म लोकसेवा आयोग, शिक्षक सेवा आयोग, संघीय लोकसेवा आयोग, प्रदेश लोकसेवा आयोग र १६ औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता-२०८० मा सहभागी भइ पदक दिलाउने खेलाडीका अभिभावकलाई सम्मान गरेको छ। शिक्षक सेवा आयोगतर्फ परिवर्तन गाउँपालिका -४ का प्रेम प्रकाश वली, हरि बहादुर वली, ३ का विकास डाँगी, ५ का मनप्रसाद घर्ती मगर, २ का फम कुमारी वली,मनप्रसाद पुन मगर, दिनेश घर्ती मगर, अनुस्का वली र चन्द्रा डाँगीलाई सम्मान गरिएको छ।

संघीय लोकसेवा आयोगतर्फ परिवर्तन गाउँपालिका -४ पाछ्बाङकी प्रगति बुढा मगर र ५ राङ्कोटकी धनकुमार वलीलाई सम्मान गरिएको छ।

प्रदेश लोकसेवा आयोगतर्फ परिवर्तन गाउँपालिका -४ पाछ्बाङकी खुशी बुढा मगर, ३ का

टीका पुन जैसी, विशाल केसी, ५ का आकृति वली र ६ का अञ्जु पुन मगरलाई सम्मान गरिएको छ।

खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेडतर्फ परिवर्तन गाउँपालिका -३ का शक्तिराम डाँगीलाई सम्मान गरिएको छ।

खेलाडीतर्फ परिवर्तन गाउँपालिका -५ का गणेश वलीलाई सम्मान गरिएको छ। उनले १६ औं राष्ट्रपति रनिङ शिल्डमा लमजुङमा सहभागी भइ प्रथम भएका थिए।

परिवर्तन गाउँपालिका -३ का मुवा डाँगीलाई दौड १०० देखि २०० मिटर प्रथम भएको भन्दै सम्मान गरिएको छ। परिवर्तन गाउँपालिका -२ का सम्झना राणा मगरलाई सम्मान गरिएको छ। उनी उसुतर्फ प्रथम भएकी थिइन्। उपस्थित भएका अभिभावकलाई प्रमुख अतिथि र गाउँपालिका अध्यक्षले सम्मान पत्र र खादाले सम्मान गरेका थिए।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit (FPIU)
Dhangadhi, Kailali

Re-Invitation For Bid

Second Publication date: 2081-03-09(23th June, 2024)

FPIU, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, Eligible bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

Contract No/ ID	Description of Works	Bid Validity/Bid Bond Validity Peroid	Total Estimated Amount NRs (Without VAT & Contingencies)	Bid Security Amount (NRs)	Price of Bid Documents (NRs)	Last Date of Bid Submission
FPIU/KAILALI/ Works/NCB/52-2080/081	Construction of Infrastructure works in Parshuram Municipality -05, Dadeldhura.	90 days/120 days from the date of Bid Opening.	NCB (Single Stage Two Envelop Bidding Procedure)	10,00,000.00	5000.00	2081-03-24 (8th July 2024) until 12:00 pm

Project Manager

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

सम्पादकीय

संविधानले नचिन्ने वकालत

नेकपा एमालेका महासचिव शंकर पोखरेलले लगातार देशमा दुई दलीय प्रणालीको वकालत गर्दै आएका छन् । शनिबार गृह जिल्ला दाङमा आयोजित एक कार्यक्रममा पनि महासचिव पोखरेलले मुलुकको निकासका निम्ति दुई दलीय प्रणालीमा जानुपर्ने बताए । सँगै, साना र गैरदलीय जनप्रतिनिधिहरूप्रति आक्रोश पोखे । स्वतन्त्र भन्ने कुरा राजनीतिमा नहुने महासचिव पोखरेलको तर्क थियो । जबकी राजधानी शहर रहेको काठमाडौं महानगर, पूर्वी नेपालको धरान उपमहानगर र सुदूरपश्चिमको धनगढी उपमहानगरमा गैरदलीय (स्वतन्त्र) उम्मेद्वारले मेयर जितेर चलाइरहेका छन् । संघीय र प्रदेश संसद्मा समेत गैरदलीय सांसदहरू छन् । उनीहरू लोकतान्त्रिक प्रक्रिया र संविधानको व्यवस्था बमोजिम आएका जनप्रतिनिधिहरू हुन् । त्यसैले महासचिव पोखरेलले गरेको तर्क आफू अनुकुल राजनीतिक मात्रै हो ।

एउटा राजनीतिक नेताले आफ्नो प्रतिकुल परिस्थितिको विरोध गर्नु र अनुकुल अवस्था सिर्जनाको निम्ति वकालत गर्नु नौलो कुरा भएन । त्यसैले महासचिव पोखरेलको अभिव्यक्तिलाई एमाले अनुकुल व्याख्या मानेर पञ्छिन सकिन्छ । दुई दलीय भनेर गरिरहेको वकालत उति बलियो विषय समेत देखिदैन । किनकि संविधानमा दुई दल भनेर लेख्न अहिलेकै अवस्थामा संभव छैन । अझ हङ पार्लियमेन्टका कारणले सरकार बनाउन चाहिने बहुमत जुटाउन समेत गाह्रो परिरहेका बेला संविधान संशोधन संभव देखिदैन । फेरि दुई दलीय प्रणाली बनाउन साना दलहरूले सहयोग गर्ने कुरै हुँदैन । संविधान संशोधन नगरेसम्म कसैको सार्वजनिक अभिव्यक्तिले मात्रै दुई दलीय प्रणाली स्थापित हुन संभव छैन । त्यसैले महासचिव पोखरेलले निरन्तर गर्दै आएको वकालतमा ठूलो अर्थ देखिदैन ।

तर प्रमुख दलका नेताले दिएको अभिव्यक्तिलाई सधैं उपेक्षा गरेर जान पनि सकिदैन । अझ एमाले जस्तो मुलुकको नेतृत्व गर्दै आएको शक्तिका महासचिवको बोलीले अझ महत्व राख्छ । महासचिव पोखरेललाई पार्टीको अध्यक्ष र मुलुककै प्रधानमन्त्रीका रूपमा हेर्ने पंक्ति समेत ठूलै देखिन्छ । त्यसैले उनको अभिव्यक्तिलाई विमर्शको विषय बनाउनुपर्ने हुन्छ । तर दुई दलीय प्रणाली भनेर महासचिव पोखरेलले गरिरहेको वकालतलाई भनेर विद्वत् पंक्तिले चर्चाको विषय समेत बनाएको देखिदैन । यसरी महासचिव पोखरेलको अभिव्यक्तिप्रति चासो नदिइनुमा माथि चर्चा गरिए जस्तो दुई दलीय प्रणाली संभव नदेखिनु हो । तर महासचिव पोखरेलले संविधानले समेत नचिन्ने विषयमा वकालत गर्न छोडेका छैनन् । यसबारे अब उनी आफैले पुनर्विचार गर्न आवश्यक छ । किनकि संविधानले नचिन्ने भाषा बोलिरहँदा कसैले आपत्ति समेत जनाइरहेको छैन भने त्यस्तो वकालत गरेर आफ्नो हैसियत थप गिराउने काममा महासचिव पोखरेल लाग्न हुन्न ।

वातावरणीय विनाशले बढाएको चिन्ता

विगतमा वातावरणलाई नकारात्मक प्रभाव पार्ने तत्वहरूको वास्ता नगरी विकास योजनाहरू कार्यान्वयन गर्नाले अहिलेको अवस्था निर्माण भएको हो ।

अग्रलेख



● **के.बी. बस्नेत**

विकास एक निरन्तर प्रक्रिया हो । जुन विश्वभरि नै तीव्र रूपले सञ्चालन भइरहेको छ । यसकै आधारमा संसार भरिका देशहरू विकसित, विकासशील र अति कम विकसित देशको रूपमा वर्गीकरण गरिन्छ । विगतमा धेरैजसो देशहरूमा विभिन्न क्षेत्रको विकास गर्ने क्रममा वातावरण विनाश भइरहेको छ । यी देशहरूमा बाटोघाटो निर्माणका लागि बढ्दो डोजरको प्रयोग, वनजङ्गल फडानी, डढेलो, विकास निर्माणको कामहरू अव्यवस्थितरूपमा सञ्चालन, विभिन्न उद्योग तथा कलकारखानाहरूबाट निस्कने धुवाँ, कार्बनमोनोअक्साइड, कार्बनडाइअक्साइड जस्ता विषालु ग्यास, विभिन्न किसिमका यातायातका साधनहरूको बढ्दो प्रयोग, जाडोमा तताउने र गर्मीमा चिस्याउने साधनहरूको बढ्दो प्रयोग र विद्युत, डिजल र पेट्रोलबाट चल्ने यातायातका साधनहरूको बढ्दो प्रयोगबाट धुँवा र ताप बढ्दो रूपमा उत्सर्जन भइरहेको छ । यसबाहेक, एकतर्फ, हरित ग्यास उत्सर्जनको असर बढिरहेको छ भने अर्कोतर्फ ओजोन तहमा प्वाल पर्नाले सूर्यको परावैजनी किरण पृथ्वीमा आई सम्पूर्ण मानव जातिको स्वास्थ्यमा नकारात्मक प्रभाव परेको छ ।

वातावरण विनाशको कारणले आज विश्वभरि नै जलवायु परिवर्तन एवम् तापक्रम वृद्धि भएको छ । फलतः विश्वमा वनजङ्गल, जैविक विविधता, कृषि सम्पदा, हिमालय पर्यटन, ऊर्जा र स्वास्थ्य जस्ता प्रमुख पक्षहरूमा अगाध असर परेकोले सम्पूर्ण मानवजातिमा अस्वस्थकर प्रभाव परेको छ । सन् २०१५ मा आईसीडीले गरेको एक अध्ययनअनुसार आजको गतिमा विश्वव्यापी तापक्रम बढ्ने हो भने सन् २०६० सम्मका विश्वको कुल गार्हस्थ्य उत्पादनमा एक प्रतिशतदेखि तीन दशमलब तीन प्रतिशतसम्म र सन् २१०० मा दुई प्रतिशतदेखि दश प्रतिशतसम्म नोक्सानी हुनेछ । यसबाट विश्व अर्थतन्त्र झन् झन् ओरालो लाग्नेछ र भोकमरीको समस्या विकराल हुनेछ । अन्तर्राष्ट्रिय मुद्रा कोषको वर्ल्ड इकोनोमिक आउट लुकमा उल्लेख भएअनुसार विश्वमा कार्बन उत्सर्जन न्यूनीकरण नीतिहरू निर्माण गरी व्यवहारमा नउतार्ने हो भने आगामी शताब्दीसम्म विश्वव्यापी तापक्रम औसतमा दुई दशमलव आठ प्रतिशत र बढीमा पाँच प्रतिशत बढ्नेछ । उक्त नीतिहरू बनाई कार्यान्वयन गर्न नसकिएमा विश्वमा कार्बन उत्सर्जन पनि सन् २००० देखि २०३० को बीचमा २२ प्रतिशतदेखि ८८ प्रतिशतसम्म बढ्ने सम्भावना छ ।

एसियाली विकास बैंकको प्रक्षेपणअनुसार सन् २०८० सम्ममा दक्षिण एसियामा चारदेखि पाँच डिग्री सेन्टिग्रेडसम्म तापक्रम बढ्नेछ । जसबाट उक्त क्षेत्रका जनतामा नकारात्मक प्रभाव पर्नेछ । आज वातावरणीय विनाशका कारण सम्पूर्ण मानवजातिको सामाजिक, आर्थिक, राजनीतिकलगायत सम्पूर्ण क्रियाकलापहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित छन् । विगतमा वातावरणलाई नकारात्मक प्रभाव पार्ने तत्वहरूको वास्ता नगरी विकास योजनाहरू कार्यान्वयन गर्नाले अहिलेको अवस्था निर्माण भएको हो । मानव जातिको प्रमुख सम्पत्तिको रूपमा रहेको भूमिमा बसोबास गर्नुको साथै विभिन्न व्यवसाय गरिन्छ । जसमध्ये खेतीपातीको विशेष महत्व छ । परन्तु, केही वर्षयता वातावरणीय विनाशको कारण अतिवृष्टि तथा अतिवृष्टिको कारण खेतीपातीमा नकारात्मक प्रभाव परेको छ । यसबाट विश्वभरि नै भोकमरीको समस्या थपिने छ र सम्बन्धित देशका सरकारका बोझ बढ्नेछ । वर्तमान समयमा वातावरणीय विनाशको कारण विश्वभर नै जलवायु परिवर्तन हुँदा भएको हो । जुन संसारका सबै देशहरूमा एक गम्भीर एवम् चुनौतीको रूपमा देखापरेको छ ।

नेपालमा पनि वातावरणीय विनाशले नकारात्मक प्रभाव परेको छ । उदाहरणको लागि हाल काठमाडौंमा अधिकतम ३६ डिग्री सेल्सियस सम्मको तापक्रम मापन गरिएको छ । जुन विगतको वर्षहरूको तुलनामा बढी हो । यो जलवायु परिवर्तनको कारण भएको मौसमविद्हरूको भनाई छ । नेपालको हिमाली क्षेत्रमा शून्य दशमलव शून्य छ डिग्री सेल्सियसको दरले तापक्रम बढ्न थालेकोले यहाँका हिमशृङ्खला निरन्तररूपले पग्लेर पानीका मुहान सुक्दै जाने सम्भावना बढेको छ । यसबाहेक अतिवृष्टि तथा अनावृष्टि जस्ता समस्याहरूले यहाँको जनजीवनमा नकारात्मक प्रभाव परेको छ । आज विश्वमा वातावरणीय विनाश दिन प्रतिदिन बढिरहेको छ । फलतः केही पशुपक्षीहरू लोप भएका छन् भने केही लोप हुने अवस्थामा छन् । यति मात्र नभई विभिन्न किसिमका महामारी एवम् रोगको फैलावट र दैवी प्रकोपहरूको कारण धेरै नरसंहार हुने गरेको छ । परन्तु, आजसम्म पनि धेरैजसो देशका बासिन्दाहरूलाई यस सम्बन्धमा सचेत गराउन सकिएको छैन ।

वातावरणविद्हरूको अनुसार कुनै पनि देशमा वातावरण सन्तुलन कायम गर्न त्यहाँको कुल क्षेत्रफलको कम्तीमा पनि ४० प्रतिशत वनजङ्गलले ढाकेको हुनुपर्छ । तर, नेपालमा तोकिएको मापदण्डअनुसार वनजङ्गल विद्यमान नभएकोले यहाँको वातावरण सन्तुलन हुन सकेको छैन । यति मात्र नभई यहाँ अव्यवस्थित रूपमा भौतिक संरचनाहरू निर्माणका कारण पनि वनजङ्गल अतिक्रमित भई वातावरण विनाशमा सघाउ पुगेको छ । तर, यसतर्फ सम्बन्धित पक्षको ध्यान आकृष्ट हुन नसकेकोले वातावरण विनाशको क्रम रोकिन सकेको छैन । आज नेपाललगायत विश्वका धेरैजसो देशहरूमा जनसंख्या वृद्धिको कारण अव्यवस्थित सहरीकरण, वनजङ्गल फडानी, जल प्रदूषण, स्थल प्रदूषण, वायु प्रदूषण र ध्वनि प्रदूषण दिनानुदिन बढिरहेको छ । फलतः यो देशहरूमा वातावरणीय विनाश बढ्दो क्रममा छ । भविष्यमा यसलाई जटिल हुन नदिन अल्प र दीर्घकालीन उपायहरू यथाशीघ्र अपनाउन आवश्यक देखिन्छ ।

यसका लागि एकतर्फ सर्वप्रथम त जनसंख्या वृद्धि घटाउन आवश्यक छ भने अर्कोतर्फ वन विनाशको रोकथाम, आधुनिक प्राविधिक ट्राफिक व्यवस्थापन प्रणाली र बढ्दो औद्योगिक प्रदूषण न्यूनीकरण गर्न उत्तिकै जरुरी छ । यसबाहेक नियमित एवम् प्रभावकारीरूपमा वायुको गुणस्तर परीक्षण र वातावरणसम्बन्धी जनचेतना बढाउनुपर्छ । जसको लागि तीनै तहका सरकारको सक्रियताको आवश्यकता छ । विश्व तापक्रममा हुने परिवर्तन प्राकृतिक र मानवीय कारणले हुने हो । खनिज तेलको खपत तीव्ररूपले बढ्नाले विश्वको तापक्रम बढिरहेको छ ।

आज विश्वमा वातावरणीय प्रदूषण दिन प्रतिदिन बढिरहेको छ । तर विश्वव्यापी तापक्रम एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा बढी बढ्दा पनि विश्वमा वातावरणीय विनाश न्यूनीकरणसम्बन्धी साझा सहमति हुन सकेको छैन । वास्तवमा विश्वमा वातावरणीय विनाश हुनुका प्रमुख कारण विकसित देशहरूमा भएका औद्योगिक तथा अन्य विकासमूलक क्रियाकलापहरू नै हुन् । बढ्दो तापक्रमको कारण आगामी तीस वर्षभित्र विश्वका हिमालमा झन्डै एकतिहाइ हिउँ रित्तिने अनुमान छ । फलतः यस क्षेत्रको पानीका स्रोतहरू विस्तारै सुक्ने छन् र मानिसहरूको जीविकोपार्जनमा नकारात्मक प्रभाव पर्नेछ । विश्वमा वातावरण विनाशको कारण नेपाल पनि प्रभावित भएको छ । वास्तवमा दुई छिमेकी राष्ट्र भारत र चीनमा औद्योगिक तथा अन्य विकासका क्रियाकलापहरू तीव्र रूपले बढ्नाले यहाँको वातावरणमा नकारात्मक प्रभाव परेको छ । यस सम्बन्धमा वार्ता गरी समाधान गर्न न त नेपालले चासो देखाएको छ न त छिमेकी राष्ट्रहरू नै तत्पर छन् । तसर्थ, यहाँको वातावरण दिनदिनै विनाशतर्फ उन्मुख छ । जुन न्यूनीकरण गर्न नितान्त आवश्यक छ ।

> *विश्वमा वातावरण विनाशका कारण नेपाल पनि प्रभावित भएको छ । वास्तवमा दुई छिमेकी राष्ट्र भारत र चीनमा औद्योगिक तथा अन्य विकासका क्रियाकलापहरू तीव्ररूपले बढ्नाले यहाँको वातावरणमा नकारात्मक प्रभाव परेको छ । यस सम्बन्धमा वार्ता गरी समाधान गर्न न त नेपालले चासो देखाएको छ न त छिमेकी राष्ट्रहरू नै तत्पर छन् ।*

सामाजिक सञ्जाल

- नवराज पन्त

त्रिशुली नदीमा घाटबेसिदेखि गल्छीसम्म १२ किमी क्षेत्रमा ४ वटा पुल बनेको छ । त्यो क्षेत्रमा केही मानिसहरूले सयौं रोपनी जग्गा किनेर राखेका रहेछन् । त्यसको निम्ति ठूला पुल बनाएर राष्ट्रिय ऋण वृद्धि गरिएको शंका छ । घाटबेसिदेखि गल्छीसम्म पारिपट्टि सडकमात्र बनाए हुने थियो । किन बन्यो पुल ?

- राधाकृष्ण कटुवाल

संघीयता विरोधी पार्टी राप्रपा गण्डकी प्रदेश सरकारलाई मत दिँदै संघीयता जोगाउने (प्रदेश सभा) बचाउने अभियानमा लागेको छ तर, संघीयता ल्याउने माओवादी पार्टी नै संघीयता सिध्याउने खेलमा लागेछ । मध्यावधि हुनबाट रोक्न भोट दिएका नेसपाका सांसदलाई आफ्नो पार्टीको भन्दै कारवाही गरेछ । जय राप्रपा !

- सेतेमान तामाङ

जब जनमत गुमाएको दलले सरकारको नेतृत्व गर्छन् तब सरकार निरीह हैसियतमा रोइला गाउन थाल्नु स्वाभाविक हो । वर्तमान सरकार चाहिए कांग्रेससँग हुँदा होस्,चाहिए एमालेसँग हुँदा होस्, बजेट पारित, मन्त्रीमण्डल गठन होस् आखिर बेहोसमा बेमेल हुन्छन् । यी सबै सत्ताको सौदाबाजी/अलोकतन्त्रको पराकाष्ठा नै हो ।

- डम्मर खतिवडा

प्रधानमन्त्री प्रचण्डको संसदमा जुन दशा र मनोदशा देखियो, उनको निरिहताभन्दा बढी संसदीय प्रणालीप्रति दया लाग्यो । यो प्रणाली भनेकै प्रधानमन्त्रीय पद्धति हो । जब प्रधानमन्त्री आफै यति निरीह हुन्छ- प्रणाली कहाँ पुगेछ ? पदमा पुग्नु मात्रै ठुलो हैन, कुन हैसियतमा पुगियो, त्यो हेरे हुने ।

योग किन जरुरी छ ?

विचार



● **डा. राजु अधिकारी**

युवावृद्धोऽतिवृद्धो वा व्याधितो दुर्बलोऽपि वा ।
अभ्यासात्सिद्धिमाप्नोति सर्वयोगेष्वन्द्रितः ॥
हठयोग प्रदीपिका ।

अर्थात् युवा, वृद्ध, अतिवृद्ध, रोगी, दुर्बल जोसुकैले पनि योगाभ्यास गरेर सफलता (सिद्धि) प्राप्त गर्न सक्दछ । हो, योगको अन्तिम लक्ष्य सिद्धि प्राप्त गर्नु हो । तर धनसिद्धि र नामसिद्धि प्राप्त गर्ने होड चलेको आजको युगमा मान्छेसँग योगसिद्धि प्राप्त गर्ने समय छैन । तर पनि आफ्नो व्यस्त दिनचर्याबाट अलिकति समय निकालेर योग-योगाभ्यास गर्यो भने आरोग्य सिद्धि प्राप्त गर्न निश्चित रूपले मद्दत पुग्छ ।

आजको मानिस व्यस्त छ । व्यस्त हुनु उसको बाध्यता हो । बाध्यताभित्र लुकेको विडम्बना चाहिँ के हो भने मानिस व्यस्त मात्र होइन, ग्रस्त, त्रस्त र ध्वस्तसमेत हुँदैछ । अर्थात् कि रोगले ग्रस्त, तनावले त्रस्त र अनैतिकताले ध्वस्त । यी सबै सङ्कट र तापहरूको रामवाण औषधि भनेको नै योग हो । त्यसैले त भनिएको छ-'भवतापेन तप्तानां योगो हि परमौषधम्' । याने कि निश्चय नै योग अचेलका नानाविधि ताप-सन्तापहरूको जडी औषधि हो ।

आमधारणा जस्तै योग आधा-एक घण्टामा गर्ने व्यायाम कसरत मात्र हैन, यो प्रतिपल, प्रतिक्षण र सास सासमा चलिरहने प्रक्रिया हो । महर्षि अरविन्दले भनेका छन्, "प्रत्येक श्वास योग साधना हो ।" व्यवहारिक परिप्रेक्ष्यमा योग जीवन जिउने कला हो । योग विज्ञानका अध्येताहरूको अनुभवअनुसार योग समग्र जीवन पद्धति हो, सर्वाङ्गीण जीवनदर्शन हो । अध्यात्म वैज्ञानिकहरूको दृष्टिकोणमा योग सबै विज्ञानभन्दा माथि चेतनाको महाविज्ञान हो । ऋषिमहर्षि सूक्ष्म द्रष्टाहरूको भनाइमा योग समाधिको यात्रा हो । महर्षि पतञ्जलि भन्छन्, "मन (चित्त) का वृत्तिहरूको यथोचित निरोध नै योग हो ।"

यी विभिन्न अभिमतहरूमध्ये तपाईंलाई जुन तर्क अधिक मन पर्छ, त्यसलाई सहर्ष स्वीकार्न सक्नुहुनेछ । व्यक्तिपिच्छे रुचि, क्षमता, कर्म र संस्कारको स्तर भिन्न हुने गर्छ । कुनै व्यक्ति तर्कशील र बौद्धिक हुन्छ भने कुनै व्यक्ति भावनाशील र भक्तिवान हुन्छ । जसमा जुन किसिमको क्षमता र अभिरुचि हुन्छ सोहीअनुरूप ऊ योगमार्गको चयन गर्न सक्दछ । त्यसैले गर्दा योग-आविष्कारहरूले अनेकौं प्रकारका योग प्रणालीको प्रवर्तन गरेका छन् । पृथकपृथक प्रकारका योग पद्धतिहरू खास गरी विविधताले भरिएका जिज्ञासुहरूको सुविधामाथि ध्यान राखेर विकसित भएको हुनुपर्छ । प्रचलित प्रमुख योग प्रणाली यस प्रकार छन्- कर्मयोग, ज्ञानयोग, राजयोग, अष्टाङ्ग योग, भक्तियोग, मन्त्रयोग, हठयोग, क्रियायोग, नादयोग, प्राणयोग, ध्यानयोग । आजभोलि योगको नाममा जुन आसन, प्राणायाम र केही मुद्राबन्धको प्रयोग गरिन्छ, त्यो हठयोगको एउटा सानो अंश मात्र हो । समग्रतामा योग अत्यन्तै व्यापक, असीम र वैविध्यपूर्ण छ । यसर्थ योग गर्नलाई कसैलाई कुनै पनि कुराले र कहिल्यै पनि छेक्दैन । जहिले पनि जहाँ पनि, जुनसुकै परिस्थितिमा पनि योग गर्न सकिन्छ ।

शरीर रहुञ्जेल हाम्रो शरीर कुनै न कुनै आसनमा अवस्थित हुने गर्दछ । आसन बिना शरीर अस्तित्वमै रहँदैन । हरघडी शरीरको अवस्था, दशा, लयबद्धताप्रति सजग हुनु नै आसनाभ्यास हो । प्रत्येक मिनेट १६-१७ पटक लिने छाड्ने श्वासप्रश्वासलाई परिष्कृत गर्नु प्राणायाम हो । यसरी जीवनका प्रत्येक आयाममा उत्कृष्टता, विशुद्धता र दिव्यता थप्दै जानलाई केले छेक्ने ? स्मरण रहोस्, शरीर र मनको उपलब्धता नै योगको प्रयोगशाला हो । पट्टाभि जोइस भन्छन्, "जो यसलाई चाहन्छ योग हरेकका लागि सम्भव छ । योग एक ब्रह्माण्डीय विषय हो तर यसलाई व्यापारिक उद्देश्य र सांसारिक कमाइको उद्देश्यले प्रयोग गर्ने भुल नगर ।"

योगले शारीरिकरूपमा ओजस्वी शरीर, आरोग्यवान् एवम् स्वस्थ शरीर, तन्दुरुस्त एवम् सुगठित काया, कर्म सामर्थ्यले युक्त तन, तेजोमय मुखमण्डल, स्फूर्तिवान् व्यक्तित्व, भरिपूर्ण जीवनीशक्ति, दुःखकष्ट तथा घामपानी सहन सक्ने बनाउँछ । यसैगरी, योग गर्दा, प्राणिकरूपमा प्राण सम्पन्न व्यक्तित्व भइन्छ । आँखामा तेज, त्वचामा चमक, प्रबल रोग प्रतिरोधी क्षमता, जाडो-गर्मी जुनसुकै स्थानमा अनुकूलित हुन सक्ने हुन्छ । यस्तै, मानसिकरूपमा तीक्ष्ण (बौद्धिक क्षमता), एकाग्रता क्षमता, स्मृति क्षमता, बोध क्षमता, ग्रहण क्षमता, धारणा क्षमता, ध्यान क्षमताजस्ता मानसिक क्षमताले युक्त हुने हुन्छ । सिर्जनात्मकता, रचनात्मकता, मनस्वीता, अन्तर्ज्ञान, भाषिक चातुर्यता, भेद चातुर्यता, निर्णयशीलता, लक्ष्यशीलता, नेतृत्वक्षमता, प्रबन्धक्षमता, कलाकौशल आदि कसौटीमा प्रखर हुने हुन्छ ।

योगले व्यक्तिलाई नीतिवान्, सदाचारी, सत्यनिष्ठ, अहिंसावादी, एमआईअर्थात् मोरल इन्टेलिजेन्स सम्पन्न, विश्वसनीय, अपरिग्रही (अनावश्यक सम्पत्ति नथुपार्ने), समाजनिष्ठ, सामुहिकता एवम् सहकारिताको गुणयुक्त, सहअस्तित्वप्रेमी, प्रकृतिप्रेमी, पर्यावरणप्रेमी, आदर्शवान् पनि बनाउँछ । साथै, हृदयवान्, भावनाशील, परानुभूतियुक्त, कर्मशील, कर्मफल विधानको अनुयायी, संस्कारवान्, सङ्कल्पशील, ईश्वरानुरायी, आसक्तिविहीन, न्यायप्रेमी, सर्वप्रिय, प्रेमवान्, दिव्य गुणहरूले युक्त पनि बनाउँछ ।

युगऋषि आचार्य श्रीराम शर्माले भनेका छन्, "यस्तो सुगम मार्गलाई पनि आज मान्छेले दुर्गम मानेर बसेका छन् । योग गर्नलाई 'मन' भए पुग्छ । मनमा तत्परता र तन्मयता छ भने योग जसले पनि गर्न सक्छ । यो कुनै पनि हालतमा कठिन छैन । आफ्नै हातको खेल हो । तर साहस र श्रद्धा चाहिँ चाहिन्छ ।" त्यसकारण योगबाट हरेक व्यक्ति लाभान्वित हुनसक्छ । पेसा, काम, जातजाति, लिङ्ग, धर्म र भाषाले रोक्दैन । तपाइँ आफ्नो व्यक्तित्व, अभिरुचि, आन्तरिक संस्कार र क्षमताअनुसार जुन योगपथ रुचाउनु हुन्छ, त्यसमा अग्रसर हुनुहोस् तर, आजैबाट ।

(लेखक डा. अधिकारी, मानव चेतना एवम् योग विज्ञानका प्रशिक्षक हुन् ।)

तपाईंको राशिफल

मेष :	आध्यात्मिक कार्यमा रुचि बढ्नेछ । योजनाहरू तय हुनेछन् ।
वृष :	व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । शैक्षिक प्रगति हुनेछ ।
मिथुन :	स्वास्थ्य राम्रो रहनेछ । नयाँ कार्यमा सावधानी राख्नुहोला ।
कर्कट :	अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला । वाहन सावधानी जरुरी छ ।
सिंह :	सन्तुलित आहार लिनुपर्छ । परिश्रमबाट सफलता मिल्नेछ ।
कन्या :	यश बढ्नेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन ।
तुला :	सबै कार्यहरूमा सावधानी राख्नुपर्छ । प्रसिद्धिमा वृद्धि हुनेछ ।
वृश्चिक :	राजनैतिक कार्य सफल हुनेछ । सम्मानमा वृद्धि हुनेछ ।
धनु :	कुनै पनि कार्यमा हतार नगर्नु होला । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।
मकर :	धार्मिक कार्यमा सहभागिता बढ्नेछ । विनम्रतापूर्वक कार्य गर्न राम्रो हुनेछ ।
कुम्भ :	वाहन सावधानी राख्नुहोला । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
मीन :	जनसम्पर्कमा वृद्धि हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

चीनद्वारा फ्रान्सको सहकार्यमा नयाँ उपग्रह प्रक्षेपण

काठमाडौं/एजेन्सी- चीनले फ्रान्ससँगको सहकार्यमा शनिबार नयाँ खगोलीय उपग्रह प्रक्षेपण गरेको छ । उपग्रह चिनियाँ र फ्रान्सेली वैज्ञानिकहरुले लगभग २० बर्षको कडा परिश्रमको परिणाम हो, जसले गामा-रेहरू क्याप्चर गर्न ब्रह्माण्डको सबैभन्दा टाढाको भागमा आतिशबाजी जस्तै चम्कन्छ ।

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासनका अनुसार दक्षिणपश्चिम चीनको सिचुआन प्रान्तको जिचाङ स्याटेलाइट प्रक्षेपण केन्द्रबाट लङ मार्च-टुसी रकेटबाट अन्तरिक्षमा आधारित मल्टि-ब्यान्ड भेरिएबल ओब्जेक्ट मोनिटर (एसभिओएम) नामक उपग्रह प्रक्षेपण गरिएको थियो ।

ब्रह्माण्ड भएका प्रारम्भिक गामा-रे विस्फोटहरू जस्ता खोजहरूको लागि तयार पारिएको यस उपग्रहले ब्रह्माण्डको विकासको अध्ययन गर्न मद्दत गर्नेछ । एसभिओएमका चिनियाँ प्रमुख अन्वेषक र चिनियाँ एकेडेमी अफ साइन्सेजको नेसनल एस्ट्रोनोमिकल अब्जर्वेटरीमा काम गर्ने वेई जियान्यानले बताए ।

गामा-रे फटहरू, सामान्यतया अवधिमा धेरै छोटो, बिग ब्यांग पछि ब्रह्माण्डमा सबैभन्दा हिंस्रक विस्फोटक घटना हो, भने तिनीहरू विशाल ताराहरूको पतन तथा बाइनरी कम्प्याक्ट ताराको विलयको समयमा हुन्छन् ।

गामा-रे फटहरूमा गहिरो अवलोकन र अनुसन्धानले विज्ञानका केही आधारभूत प्रश्नहरू बुझ्न मद्दत गर्ने उनले बताए ।

एसभिओएमको मुख्य वैज्ञानिक उद्देश्यहरूमा विभिन्न गामा-रे फटहरूको खोजी गरी पत्ता लगाउनु, फटको विद्युत चुम्बकीय विकिरण मापन तथा अध्ययन गर्नु, अन्धकार ऊर्जा र फटहरू मार्फत ब्रह्माण्डको विकासको अध्ययन गर्नु, र गुरुत्वाकर्षण तरंगहरूसँग सम्बन्धित विद्युत चुम्बकीय संकेत अवलोकन गर्नु आदी रहेका छन् ।

फ्रान्सेली वैकल्पिक ऊर्जा र आणविक ऊर्जा कमिसनमा काम गर्ने एसभिओएमका फ्रान्सेली प्रमुख अन्वेषक बर्टान्ड कोर्डियरले प्रारम्भिक ब्रह्माण्ड अवलोकन गर्न उपकरणको रूपमा गामा-रे फट प्रयोग गरेर, पहिलो ताराहरू अवलोकन गर्न सक्ने बताए । यो धेरै रोचक भएको बताउँदै उनले वर्तमान युगमा ब्रह्माण्डको बारेमा जानकारी प्राप्त गर्ने यो एक मात्र तरिका भएको उल्लेख गरे ।

उपग्रहमा चारवटा वैज्ञानिक उपकरणहरू स्थापित छन्, जसमध्ये दुईवटा चीनले र दुईवटा फ्रान्सले विकास गरेको हो । चारवटा उपकरणहरूले दृश्यको ठुलो क्षेत्र र उच्च-परिशुद्धता अवलोकन गर्न सक्छन् ।

प्यालेस्टिनी शिविरमा इजरायली आक्रमण, कम्तीमा २५ जनाको मृत्यु

काठमाडौं/एजेन्सी- गाजा स्वास्थ्य मन्त्रालयले रफाह नजिकै अल-मवासीमा रहेको विस्थापित प्यालेस्टिनी शिविरमा इजरायलले गरेको आक्रमणमा कम्तिमा २५ जनाको मृत्यु हुनुका साथै ५० जना घाइते भएको जनाएको छ ।

यसबाहेक रफाहको उत्तरपश्चिममा रहेको अल-शकौस क्षेत्रमा इजरायली गोलाबारीमा धेरै मानिस मारिएको र घाइते भएको प्यालेस्टिनी नागरिक सुरक्षा एजेन्सीले बताएको छ । इजरायली सेनाले गाजा सहर नगरपालिकाको ग्यारेज र सहरको पाँच तले भवनमा बम प्रहार गरेको अल जजिराले जनाएको छ ।

यसअघि गाजाको स्वास्थ्य मन्त्रालयले गत २४ घण्टामा इजरायली सेनाले कम्तीमा ३५ प्यालेस्टिनीको हत्या गरेको र इजरायल र हमासबीच जारी युद्धमा ज्यान गुमाउनेको संख्या ३७ हजार ४३१ पुगेको जनाएको थियो ।

यसैबीच, यस क्षेत्रमा इजरायली नाकाबंदी जारी रहँदा मानवीय अवस्था बिग्रँदै गइरहेको छ । फ्रान्सेली मेडिकल राहत समूह (एमएसएफ)ले शुक्रबार स्वास्थ्य सेवा सामग्री आपूर्ति अभावका कारण गाजामा स्वास्थ्य सेवा सञ्चालन स्थगित गर्नुपर्ने हुनसक्ने बताएको छ ।

'एमएसएफले अप्रिलको अन्त्यदेखि गाजामा कुनै पनि चिकित्सा आपूर्ति ल्याउन सम्भव नभएकाले भ आवश्यक औषधि र उपकरणको गम्भीर अभावको सामना गरिरहेको छ,' राहत समूहले एक विज्ञप्तिमा भन्यो ।

अन्तर्राष्ट्रिय चेतावनीका बाबजुद इजरायलले मे महिनामा रफाहमा हमासविरुद्ध प्रतिआक्रमण शुरु गरेको थियो ।

दिल्लीमा पानीको अभाव

काठमाडौं/एजेन्सी- गर्मीको समयमा सहर लगातार तातो हुँदै जाँदा शनिबार राजधानी दिल्लीका केही भागमा ट्यांकरबाट पानी ल्याउन मानिसहरूको लामो लाइन देखिएको थियो । गर्मीमा राजधानी दिल्लीमा पानीको अभावका कारण मयूर विहार क्षेत्रका गाउँ, सञ्जय कलोनी, ओखला क्षेत्र र गीता कलोनीका मानिसहरू लाइनमा उभिएर क्यान र बाल्टी समातेर पानीको ट्यांकर वरिपरि घुमिरहेको दृश्यले देखाएको छ ।

बढ्दो तापक्रमको बीचमा, यी दृश्यहरू यो वर्षको गर्मी मौसम शुरु भएदेखि नै राजधानी क्षेत्रमा दैनिक घटना बनेका छन् ।

यसैबीच पानी संकटमा राजनीतिक खिचातानी बीचमा, दिल्लीकी जलमन्त्री आतिशी शुक्रबार हरियाणा सरकारले दिल्लीको पानी नछोडेको आरोप लगाउँदै अनिश्चितकालीन भोक हडतालमा बसेको भारतीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

यसैबीच दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालकी पत्नी सुनीता केजरीवालले न्यायिक हिरासतमा रहेका मुख्यमन्त्रीको सन्देश पढ्दै दिल्लीका जनता पानीको अभावबाट पीडित भएको देखेर अरविन्द केजरीवाल दुःखी भएको बताइन् ।

उनले भनिन्, 'केजरीवाल टिभीमा दिल्लीका मानिसहरू पानीको अभावका कारण पीडाको सामना गर्न बाध्य भएको देखेर आफुलाई दुःख लागेको भवना सम्प्रेषण गरिदिनुभयो । केजरीवालले आतिशीको तपस्या सफल हुने र दिल्लीवासीले पानीको समस्याबाट राहत पाउने आशासहित अतिशीलाई शुभकामना दिनुभयो ।'

यद्यपि भारतीय जनता पार्टीले भने पानी संकटलाई लिएर दिल्ली सरकारलाई आक्रमण जारी राखेको छ । भाजपाका सांसद बांसुरी स्वराजले आप सरकारले भ्रष्टाचारलाई प्रोत्साहित गर्न संकटलाई योजनाबद्ध गरेको आरोप लगाए ।

पानीको संकट, प्राकृतिक संकट नभइ, केजरीवाल सरकारले आफ्नै भ्रष्टाचारलाई प्रोत्साहित गर्दै अवैध ट्यांकर माफियालाई प्रोत्साहित गर्ने योजना बनाएको बांसुरी स्वराजले उल्लेख गरे ।

उनले शहर सुख्खा भइ दिल्ली असहज अवस्थामा हुँदा केजरीवाल सरकार केवल नाटकमा लिप्त रहेको उल्लेख गर्दै मन्त्री आतिशीले पर्याप्त कदम चाल्नुको सट्टामा केवल नाटकमा व्यस्त भइ दिल्लीवासीलाई अन्सनको धम्की दिइरहेको बताए ।

नेपाल सरकार
शहरी विकास मन्त्रलाय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः- २०८१/०३/०९

यस आयोजनाबाट मिति २०८०/१२/३० मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तत् सम्बन्धी नियमावलिको नियम ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मु. अ. क. बाहेक)
FPIU/Surkhet/Works /NCB/39/080-81	Construction Of Trauma Center Building at Rakam Karnali, Dailekh.	M/S Indradhanu Achham Nirman Sewa, Kailali	६,३५,५९,६०९.७९

आयोजना प्रमुख

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८१/०३/०९)

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण		
१. सन्दिप खत्री/सानु मैया थापा ठेगाना : गोरखा न.पा. ०७, गोरखा **क) सन्दिप खत्री** (ना.प्र.नं. ४४१००१-२१०७, मिति २०६६/०३/२८ मा जि.प्र.का. गोरखाबाट जारी भएको) बाबु : थम बहादुर खत्री बाजे : फत बहादुर खत्री **ख) सानु मैया थापा** (ना.प्र.नं. ३६१, मिति २०४४/१२/२९ मा जि.प्र.का. गोरखाबाट जारी भएको) पति : थम बहादुर खत्री ससुरा : फत बहादुर खत्री **कर्जा शीर्षक : धितो कर्जा**	**१. मेनुका खत्री (राना मगर)** (ना.प्र.नं. ४४१००१/३७९८, मिति २०६८/०४/१० मा जि.प्र.का. गोरखाबाट जारी भएको) पति : सन्दिप खत्री ससुरा : थम बहादुर खत्री	**२. अनिता ठकुरी खत्री** (ना.प्र.नं. ४४-०१-७४-०३०१२, मिति २०७४/०४/२२ मा जि.प्र.का. गोरखाबाट जारी भएको) पति : सन्तोष खत्री ससुरा : थम बहादुर खत्री	**३. सन्तोष खत्री** (ना.प्र.नं. ४४१००१/४३९३, मिति २०६९/०२/२८ मा जि.प्र.का. गोरखाबाट जारी भएको) बाबु : थम बहादुर खत्री बाजे : फत बहादुर खत्री
	धितोको विवरण		
	सानु मैया थापाको नाममा गोरखा जिल्ला मालपोत कार्यालय गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, रानीस्वारा गा.वि.स./न.पा. वडा नं. ४ स्थित कि.नं. १२१३ (०-३-१-३ रोपनी) तथा ऐ.ऐ. वडा नं. ३ स्थित कि.नं. २६१० (०-४-१-० रोपनी) र कि.नं. २६०२ (२-०-०-१ रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।		

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	
२. शिव शंकर कृषि फर्म प्रा.फ.नं.घ.उ.मो. : १६७२८/०७७/७८ ठेगाना : बुढीगंगा गा.पा. ०६, मोरङ्ग **कर्जा शीर्षक : आवधिक कर्जा**	**१. हिरा कट्टेल खतिवडा** (ना.प्र.नं. ०५-०१-७५-०२४५०, मिति २०७५/०२/२४ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) पति : राजेश कुमार खतिवडा ससुरा : शेषनाथ खतिवडा	**२. राजेश कुमार खतिवडा** (ना.प्र.नं. ३७५७१/१२३११, मिति २०५५/०३/०३ मा जि.प्र.का. उदयपुरबाट जारी भएको) बाबु : शेषनाथ खतिवडा बाजे : धर्मनाथ खतिवडा

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

UAE मा रोजगार | कम्पनी : COSMO CENTER TRADING LLC
शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/१२/१० चलानी नं.: ६०२१७१५० L.T. No.: 302423 पुनः विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रू.							
1.	Cleaner/warehouse Helper	50	0	सम्बन्धित काममा दक्ष	800	२९,०४८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Sales Officer/stall And Market Sales Person/shop A	200	200		1200	४३,५७२							
3.	Shop Assistant/cashier	0	70		1200	४३,५७२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १६ गते (30 June 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: SAUDI PLASTIC FACTORIES FOR PLASTICS शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८१/०२/२७ चलानी नं.: ६०२२०७६८ LT. No.:306028 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रु.							
1.	Loading And Unloading Worker	1	0	स. काममा दक्ष	1000	३५,६००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार १६ गते (30 June 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

C.D. HR
Gov. Lic. No. 1048/073/74
C.D. Human Resources Pvt. Ltd.
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile : 9808793080/ 9818272436/ 9826035409/ 9823772238

साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी : SAPAD TISSUE CULTURE DATE PALM COMPANY शहर : Dammam
पूर्व स्वीकृत मितिः २०८१/०३/०६ चलानी नं.: ६०२२१४९३ L.T. No.: 306736

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रू.							
1.	Packaging and Filling Labor	4	0	स. काममा दक्ष	1000	३५,५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : ASAS FACTORY FOR INDUSTRY शहर : Gassim
पूर्व स्वीकृत मितिः २०८१/०२/२८ चलानी नं.: ६०२२०९२५ L.T. No.: 306224 पुनः विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रू.							
1.	Packaging and Filling Labor	7	0	स. काममा दक्ष	1000	३५,५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असार १६ गते (30 June 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले ब्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रु. २००२/- कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

साउदीमा रोजगार FARID AL-AAMAL CONTRACTING CO, RIYADH,
पुर्व स्विकृति मितिः २०८१।०३।०२ चलानी नं. ६०२२१४९२ LT No. 306600 लागत खर्चः १0,000

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	कामदारको न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुबिधा	प्रतिदिन कामगर्ने घण्टा	हप्तामा कामगर्ने दिन	बार्षिक बिदा	खाना सूबिधा	बस्ने सूबिधा	करार अवधी
				SR	N. Rs.							
1	Office and Facility Cleaning Worker	20	काममा दक्ष	1100	39075	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	छ	२ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्वन्धि व्यवस्था
कामदार आफै	दिने	कामदार आफै	हुने/रोजगारदाता कम्पनीले	निःशुल्क	रोजगारदाता कम्पनीले	रु. ७००/- कामदार आफैले	कामदार आफैंले	रु.१५०० कामदार आफैंले

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८१ असार १६ गते (30 June 2024) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

Swastik Overseas Services Pvt. Ltd.
Basundhara-3, Kathmandu , Nepal, Lic No.: 505/061/62 Ph: 4987984, 4987986

बक्स अफिस समाचार

वास्तविक कलाकारलाई मिडियामा स्थान दिन महिला कलाकारको आग्रह

काठमाडौं/मस- १२औं नेपाल अफ्रिका फिल्म फेस्टिभल शुक्रबारबाट काठमाडौंको सुन्धारास्थित सिडिसी सिनेमा, सिटिसी मलमा शुरु भएको छ । महोत्सवमा पहिलो र दोस्रो दिन चलचित्र प्रदर्शन तथा विभिन्न कार्यक्रम आयोजना गरिएको छ ।

यसैक्रममा महोत्सवको दोस्रो दिन शनिबार विभिन्न चलचित्रहरुको प्रदर्शनीसँगै बहस कार्यक्रम आयोजना गरियो । शनिबारको बहस कार्यक्रममा मिडियामा महिला कलाकारको स्थानका विषयमा छलफल भएको थियो । चलचित्र पत्रकार संघ नेपालका महासचिव रघुनाथ सापकोटाले छलफल कार्यक्रमको सहजीकरण गरेका थिए । बहसमा अभिनेत्री गौरी मल्ल, कलाकार सरिता लामिछाने, गायिका निशा देसार, सञ्चारकर्मी तथा निर्देशक संगीता श्रेष्ठ सहभागी थिए । बहसमा महिला कलाकारहरुले मिडियामा पाउने स्थान र मिडियाले बनाउने गसिपहरुको बारेमा चर्चा गरियो ।

कार्यक्रममा बाल्दै अभिनेत्री गौरी मल्लले आफूले शुरु-शुरुमा काम गर्दा पत्रपत्रिकामा आएका समाचारले छुट्टै प्रभाव पर्ने गरेको स्मरण सुनाइन् । पहिलाको जस्तो मिडियाको महत्व र प्रभाव आजकाल कम भएको उनको कथन थियो । उनले भनिन्, 'पहिलेको मिडिया र अहिले डिजिटलमा प्रवेश गरेपछि धेरै फरक भएको छ । यसको फाइदासँगै बेफाइदा पनि छन् ।'

कार्यक्रममा कलाकार सरिता लामिछानेले पहिले र अहिलेको मिडिया र कभरेज फरक परेको र अहिले भाइरलको पछि सबै लागेको बताउँदै भाइरलले दिगोरुपमा कसैलाई फाइदा नपुग्ने बताइन् । भाइरल भन्दा यो क्षेत्रमा निरन्तर काम गरिरहेका कलाकारलाई मिडियाले स्थान दिनुपर्ने उनको सुझाव थियो ।

सञ्चारकर्मी तथा निर्देशक संगीता श्रेष्ठले आफूले मिडियामा काम गर्दै गर्दा आफूले चाहेअनुरुप कलाकारलाई स्थान दिन नपाइने र मिडियाको नीतिअनुसार चल्नुपर्ने बताइन् । मिडियाले पनि पछिल्लो समय आफ्नो दायित्व बिर्सन थालेको उनको भनाइ थियो ।

गायिका निशा देशारले मिडियाको प्रभाव निकै राम्रो हुने गरेको स्मरण सुनाइन् । आफूले दुई दशकअघि रेडियोमा उत्कृष्ट गायिकाको पुरस्कार जितेपछि आएको समाचारको आधारमा आफूलाई धेरैले बोलाएर गीत गाउने अवसर दिएको उनले सुनाइन् ।

शुक्रबार बिहानै अफ्रिकाको चलचित्र प्रदर्शनसँगै शुरु भएको यो महोत्सवको औपचारिक उद्घाटन समारोहका प्रमुख अतिथि अभिनेता शिव श्रेष्ठलगायतले महोत्सवको बुकलेट विमोचनबाट गरेका थिए । उद्घाटन समारोहमा महोत्सवमा सहभागी चलचित्रलाई प्रमाणपत्र वितरणसँगै केही व्यक्तिहरुलाई सम्मान समेत गरिएका थियो ।

कार्यक्रममा अभिनेता शिव श्रेष्ठले यस्ता गतिविधिमा चलचित्र क्षेत्रसँग जोडिएका सरोकारवाला संस्थाले सहकार्य गर्नुपर्नेमा जोड दिए । उनले भने, 'यस्ता महोत्सवले हामीलाई विदेशी चलचित्रकर्मीको शैली र समाजसँग साक्षात्कार गराउँछ । त्यसकारण यसमा सहकार्य र सहयोग गर्नु चलचित्रकर्मीको दायित्व हो । मेरो चलचित्र यसमा किन परेन भन्ने महसुस भएको छ ।'

महोत्सवमा १० देशका २८ चलचित्र, वृतचित्र र लघु चलचित्र प्रदर्शन हुँदैछन् । महोत्सवमा नेपालबाहेक साउथ अफ्रिका, इजिप्ट, तान्जानिया, टर्की, मोजाम्बिया, जिम्बाबे, क्यामरुन, मोरिसस, जमैकालगायत देशका आठ चलचित्र प्रदर्शन हुने महोत्सवकी अध्यक्ष डा. मञ्जु मिश्रले जानकारी दिइन् ।

उद्घाटन समारोहमा सबैलाई स्वागत गर्दै महोत्सव निर्देशक डब्बु क्षत्रीले नेपालमा अन्तर ाष्ट्रियस्तरको चलचित्र महोत्सव हुनुपर्छ भन्ने आवश्यकता महसुस गरेर यो महोत्सवको शुरुवात गरिएको बताए । महोत्सवमा राज्य पक्षबाट असहयोग हुने गरेको, महोत्सवमा निःशुल्क देखाइने चलचित्रलाई समेत सेन्सर बोर्डले प्रदर्शनीका लागि अनुमति नदिने गरेको र राज्यले महोत्सवका लागि बजेट पटक्कै नछुट्याएको उनले बताए ।

महोत्सवबारे उनले भने, 'आज १२औं संस्करणमा आइपुगेका छौं । यस्ता महोत्सवले हामीलाई विभिन्न देशबारे बुझ्न मद्दत गर्छ । नेपाल र अफ्रिकाको संस्कृति आदनप्रदानसँगै चलचित्रबाट दुई फरक महाद्वीपलाई जोड्ने उद्देश्यले महोत्सव आयोजना गरिरहेका छौं ।'

महोत्सवमा अभिनेता श्रेष्ठसँगै अभिनेता धिरेन शाक्य, गजित विष्ट, निर्देशक माधवराज खरेल, अभिनेत्री तथा गायिका सरिता भारतीलगायत सहभागी थिए । महोत्सवमा विदेशी चलचित्र, लघु चलचित्र र वृत्तचित्रतर्फ गणेश पाण्डेको संयोजकत्वमा भारतबाट राहुल वर्मा, बँगलादेशबाट एमडी शाहारिअर कमल, नेपालबाट राजु केसी र रौनकविक्रम कँडेल सदस्य रहेको निर्णायक समिति रहेको छ । यस्तै, नेपाली चलचित्र र वृत्तचित्रतर्फ अभिनेता एवम् नाट्यकर्मी विरेन्द्र हमालको संयोजकत्वमा भेषराज कार्की, कृष्ण रसाल, ओम सुनार सदस्य रहेको निर्णायक समिति रहेको छ । यस्तै, नेपाली लघुचलचित्र र सांगीतिक चलचित्रतर्फ हिमाल श्रेष्ठ, प्रतीक्षा काफ्ले र सजिना लामिछाने सदस्य रहेको निर्णायक समिति रहेको छ ।

महोत्सवमा विदेशी चलचित्रतर्फ 'फुल्स', 'द चेस्लर', वृतचित्रतर्फ 'वि ह्याभ नेभर विन किड्स', 'ह्वाईट पोसन' तथा लघु चलचित्रतर्फ 'डाइनिज', 'अफस्प्रिङ', 'सर्भाइभर' र 'इग्नोरेन्स इज अ लाईफस्टाईल' सहभागी छन् । यस्तै, महोत्सवमा नेपालबाट चलचित्र र आदिवासी चलचित्रतर्फ 'सरी मम', 'काँडेतार', 'गोर्खा वारियर', 'सनाखत', 'आफ्नै कर्म', 'लोजिमा' र 'रित', वृतचित्रतर्फ 'जर्नी टु गोक्यो', 'काँचो बायु' र 'चेसिङ द ड्रिम' तथा लघु चलचित्रतर्फ 'सिगरेट', 'आमा', 'ऐना', 'ढुकढुकी', 'घटेरो', 'हे दैव', 'जुत्ता', 'म्यारिज डे', 'मातृत्व' र 'रोटेन ब्लड' सहभागी छन् ।

महोत्सव अवधिभर चलचित्र प्रदर्शनका साथै चलचित्र कार्यशाला, नेपाली चलचित्रको विषयमा अन्तरक्रियालगायतका विभिन्न कार्यक्रम हुने जनाइएको छ । महोत्सवमा शुक्रबारबाटै तीन दिनसम्म एमआर्ट थिएटर कपनमा तीन दिनको विशेष अभिनय कार्यशाला पनि चलिरहेको छ ।

'हङकङ र चाइना ३' म्युजिकल फिल्मको प्रिमियर

काठमाडौं/मस- 'हङकङ र चाइना ३' म्युजिकल फिल्मको प्रिमियर सम्पन्न भएको छ । प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना मगरको प्रमुख आतिथ्यतामा नेपाल चलचित्र विकास बोर्ड चाबहिलमा शुक्रबार विभिन्न झाँकीसहित 'हङकङ र चाइना ३' म्युजिकल फिल्मको प्रिमियर सम्पन्न भएको हो ।

प्रिमियरमा नाल्बो के लाङ परिवारको च्याब्रुङ नाच, धन नाचसहित पाहुनाहरुको भव्य स्वागत गरिएको थियो । फिल्मको तर्फबाट प्रमुख अतिथिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो भने फिल्म निर्माणमा सहयोग पुऱ्याउने प्राविधिक तथा कलाकारहरुलाई प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा मोडल रुपा आङ्बुहाङ लिम्बूले उपस्थितहरुलाई सिलाङ साक्मा लगाइदिएर स्वागत गरेकी थिइन् । प्रिमियरमा कोशी प्रदेश सभा सदस्य एवम् पूर्वस्वास्थ्यमन्त्री निर्मला तावा, नायिका प्रविन पन्धाक, याक्थुङ मञ्चका अध्यक्ष सागर केरुङ, नायिका बबिता नेयोहाङ, समाजसेवी निर्मात्री तारा सेरेङ, गायिका विष्णु चेम्जोङ, चलचित्र निर्देशक उदय सुब्बा, आदिवासी चलचित्र प्रवर्द्धन समितिका अध्यक्ष ज्योतिराज राईलगायत विभिन्न संघसंस्थाका व्यक्तित्वहरुको उल्लेखनीय उपस्थिति रहेको थियो । चोकफुङ इन्टरटेनमेन्ट प्रा.लि.को प्रस्तुति 'हङकङ चाइना ३'मा प्रेम सुब्बा, मनु नेम्वाङ, गीता पालुङ्वा, विमला इवारम, नैना कला वनेम, रत्न लावती लिङ्देन, उदय बेघालगायतको अभिनय रहेको 'हङकङ चाइना ३'का निर्देशक लोकेन सावाँ लिम्बू हुन् । पालाम म्युजिकल फिल्मको शब्द गीता पालुङवा, स्वर मनु नेम्वाङ, शीव कुमार सम्बाहाङफे, संगीत संयोजन श्याम आङ्ला, ब्यागराउण्ड म्युजिक अशोक लोहरुङ राई, साउण्ड सुनयमान श्रेष्ठ, सम्पादन विकास दाहाल, निर्माता गीता पालुङ्वाको अफिसियल च्यानलले बजारमा ल्याएको 'हङकङ र चाइना ३' कार्यक्रमलाई सञ्चारकर्मी सम्पदा लिम्बूले सहजीकरण गरेकी थिइन् ।

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०८१/०३/०९

यस कार्यालयले आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ को लागि बनेपा नगरपालिका वडा नं. ८ बसपार्क क्षेत्रमा रहेका तीनवटा शौचालयहरुबाट शौचालय दस्तुर उठाउने प्रयोजनका लागि मिति २०८१/०२/०३/ शिलबन्दी बोलपत्र आह्वान गरिएकोमा तपशिल अनुसारको फर्म/व्यक्तिले ठेक्का वढाबढमा नगरपालिकाले रितपूर्वक प्रकाशित सूचना अनुसार सबै प्रक्रिया पूरा गरि सबैभन्दा बढी कबोल गरेकाले सार्वजनिक खरिद ऐनको दफा २७ को २ बमोजिम बोलपत्र स्वीकृत गर्ने ७ दिने आसयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

सि. नं.	ठेक्का नं	ठेक्काको विवरण	न्यूनतम कबोल अंक	स्वीकृत फर्म/ व्यक्तिको नाम	कबोल अंक	कैफियत
१	रा.५/ २०८०/०८१	पुरानो सपिङ्ग कम्प्लेक्सको दायाँबायाँ रहेका दुईवटा र नयाँ सपिङ्ग कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालय सञ्चालन	रु.५०,२०,०४८/- (अक्षेरुपी पचास लाख बीस हजार अठचालिस) मात्र	महेन्द्र तामाङ्ग, रोशी-११	रु.५०,२०,५४८/- (अक्षेरुपी पचास लाख बीस हजार पाँच सय अठचालिस) मात्र	

प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

ठेक्का स्वीकृतिको आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०३/०९)

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आब्हानको सूचना बमोजिम रितपूर्वक दर्ताहुन आएका बोलपत्रहरुको बिभिन्न मितिमा बसेको बोलपत्र मुल्यांकन समितिको सिफारिस बमोजिम तपसिलको बोलपत्र न्यूनतम मूल्यांकन सारभुत प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिलः

क्र. सं.	ठेक्का नं.	आयोजनाको नाम र आयोजना स्थल	सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना	कबोल अंक (मु.अ.कर तथा PS वाहेक)
१	NCB/BM/080-81/Works/27	Supply and Installation of Solar Street light on Ratna Highway	Smart Solar Pvt. Ltd. Balaju, Kathmandu	31,97,700/00
२	NCB/BM/080-81/Works/28	Krishna Tole Road upgrading Works Birendranagar-4, Surkhet	Ashoka Nirman Sewa Birendranagar 2, Surkhet	31,50,179/00
३	NCB/BM/080-81/Works/29	Supply and Installation of Furniture in Different School	Star Karnai Construction Pvt. Ltd. Birendranagar3, Surkhet	24,22,671/00
४	NCB/BM/080-81/Works/30	Building Construction of Sai kendra	Nep Builders panchapuri-5 Surkhet	27,94,149.92

प्रमुख प्रशासकीय अधिकृत
वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेत

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०२/२१ मा दर्ता भएको **प्रा.लि.नं. १२३२१७/०७०/०७१** को **वाइ.टी. ट्रेडर्स प्रा.लि.** को मिति २०८१/०३/०८ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः सन्तोष गौतम, इजाजत पत्र नं. ५५४
ठेगानाः काठमाडौं, फोन नं. ९८४१४४०६३८

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदावी गर्न आउने बारेको सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१०/१५ गते दर्ता भएको प्रा.लि. नं. २५४०८७ को किस इन्जिनियरिङ्ग एण्ड विल्डर्स प्रा.लि. नामक कम्पनीले दर्ता खारेज गरि पाऊँ भनि यस कार्यालयमा निवेदन पेश गरको हुदाँ उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु पर्ने दायित्व भए प्रमाण सहित ३५ दिन भित्र दाबी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल

परीक्षा किसिम सच्याइएको सम्बन्धमा

मितिः २०८१/०३/०९
ने.सं.:११४४ तछलागा, १ आइतबार

प्रस्तुत बिषयमा यस रतुवामाई नगरपालिका अन्तर्गत नगर अस्पताल झुर्कियाको नियमित आधारभूत तथा आकस्मिक चिकित्सकीय स्वास्थ्य सेवा संचालनको लागि मिति २०८१/०२/२७ मा पदपूर्ति सम्बन्धी विज्ञापनमा परीक्षाको किसिम लिखित र अन्तर्वार्ता दुवै हुनुपर्नेमा भूलवश अन्यथा प्रकाशित भएकोमा सच्याएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

फेज नेपाल

सुर्यबिनायक-०४, दधिकोट, भक्तपूर

सामग्री तथा सेवा आपूर्तिकर्ताहरुलाई सूची दर्ताको लागि आह्वान

फेज नेपाल, नेपालका विकट जिल्लाहरू हुम्ला, मुगु, बाजुरा, गोरखा, सिन्धुपाल्चोक, लगायत काठमाडौं तथा विभिन्न जिल्लाहरूमा स्वास्थ्य, शिक्षा, जिवीकोपार्जन, विपद ब्यवस्थापन, अनुशन्धान आदी क्षेत्रहरूमा काम गरिरहेको एक गैर सरकारी संस्था हो ।यस संस्थालाई आ. व. २०८१/२०८२ मा आवश्यक पर्ने तपशिल बमोजिमका सामग्रि तथा सेवाहरूको आपुर्ती गर्न गराउनको लागी सूची तयार गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, दर्तावाल फर्म, संस्था तथा कम्पनीहरूले आफुले प्रदान गर्ने सेवा तथा सामग्रिहरूको छुट्टाछुट्टै विवरण उल्लेख गरी मिति २०८१/०३/२८ गते भित्रमा तल उल्लेखित यस संस्थाको कार्यालय ठेगानामा वा **bolpatranepal.com** मार्फत आवश्यक कागजातहरू सहित मौजुदा सूचीमा दर्ता गराउनु हुन आह्वान गरिन्छ ।

प्रथम पटक प्रकाशित मिति : २०८१/०३/०९

S.N.	Category	Category Items
1	Stationery	मसलन्द र स्टेशनरी सामाग्री ।
2	Printing	छपाई सम्बन्धी कामहरु (बुकलेट, प्रोफाइल, स्टीकर, क्यालेण्डर, डायरी डिजाइन, फोटोकपि ,फयाक्स, सम्बन्धी कार्यहरु तथा अन्य ।)
3	Advertising/Branding	होडिङ बोंड तथा फलेक्स सम्बन्धी कार्यहरु, सूचना तथा विज्ञापन छपाइ सम्बन्धी ।
4	Computer/ Equipments / Accessories	कम्प्यूटर, ल्यापटप, प्रिन्टर, कार्टिज, CCTV आपूर्ती तथा मर्मत गर्ने।
5	Electronic Item	मोबाईल, क्यामरा र इलेक्ट्रोनिक सामान (पंखा , हिटर, एयर कण्डिसनर, जेनेरेटर, सोलार बत्ति) र सो सँग सम्बन्धित आपूर्ती तथा मर्मत गर्ने ।
6	Furniture/Fixtures/Wood	फर्निचर तथा फर्निसिङ्ग सामानहरूको आपूर्ती तथा मर्मत गर्ने।
7	Aluminum / Steel / Metal Fabrication	आल्मोनियम र मेटल सम्बन्धी कार्यहरु (झ्याल, ढोका ,बक्स, क्याबिनेट, दराज) आपूर्ती तथा मर्मत गर्ने ।
8	Food / Beverage / Water	पिउने पानी तथा खाद्यन्न सामग्री (दाल, चामल, नुन, तेल आदी) आपूर्ती गर्ने ।
9	Clothing/Textile	कपडा (Jacket, Raincoat, T–Shirt, Cap, Bag, Towel) आदी आपूर्ती गर्ने ।
10	Kitchen & Household Item	हाइजिन किट (Plastic Bucket, Jug, Soap, Towel) आदी, लगायत घरायसी प्रयोगमा आउने सामाग्रिहरु आपूर्ती गर्ने।
11	Medical/Medicine/ Equipment	औषधी (Medicine) तथा प्राथमिक उपचार सामग्री आपूर्ती गर्ने। मेडिकल तथा सिर्जिकल सामग्री आपुर्ती तथा मर्मत गर्ने
12	Agricultural Tools, Equipment & Machine	तरकारी तथा फलफुलका विउविजन, विरुवा तथा कृषी औजार, सामग्रीहरु तथा सिल्पोलीन आदी आपूर्ती गर्ने ।
13	Animal & Animal Feeds	विभिन्न प्रकारका उन्नत -(अष्टोलार्य, न्यू हेम्पसायर, गीरीराज आदि) कुखराको चल्ला, दाना लगायत सो सँग सम्वन्धित सामग्रीहरु आपूर्ती गर्ने ।
14	Construction Tools	निमार्ण सामग्री (हार्डवयर), रंगरोगनका समग्रीहरु आपूर्ती गर्ने ।
15	Repairs and Maintenance	धारा, सोलार, विद्युतिय सामान, जेनरल वाईरिङ्ग, प्लम्बिङ्ग लगाएत अन्य मर्मत सेवाहरु ।
16	Internet Service Provder	ईन्टरनेट सेवा सम्बन्धी ।
17	Software / IT	वेभसाइट सेवा सम्बन्धी ।
18	Travels /Tour/Ticketing	आन्तरिक तथा वाह्य हवाई टिकट सम्बन्धी। (Tours & Travels)
19	Vehicles/Auto Motors	सवारी साधन, मोटर पाटर्स मर्मत तथा सर्भिसिङ्ग सेवाहरु ।
20	Consulting/Consultant	पशुपक्षी तथा भेटनरी सम्बन्धी सेवा परार्मश तथा आपुर्ति व्यवस्थापन गर्ने । विभिन्न सिपमुलक तथा व्यावसायीक तालीम दिने -कृषी सेवा सम्बन्धी परार्मश (Consultant Service) ।
21	Hotel | Restaurants | Venue	तालिम तथा सेमिनारको लागि हल तथा क्याटरिङ्ग सेवा सम्बन्धी । होटल र होम स्टे सेवा ।
22	Insurance	निर्जीवन विमा सम्बन्धी सेवा ।
23	Transport/Courier/Cargo	काठमाण्डौ भित्र वा काठमाण्डौ देखी अन्य स्थानहरुसम्म साना तथा ठुला गाडी भाडामा लिने साथै मालसामान ढुवानी गर्ने, आन्तरिक तथा वाह्य कुरियर तथा कार्गो सेवा ।
24	Safety & Security Equipments/Accessories	अग्नि निवारक यन्त्र आपूर्ति तथा रिफिलिङ्ग सेवा तथा अन्य सुरक्षा सम्वन्धि सामाग्रीको आपूति तथा मर्मत सेवा ।

https://bolpatranepal.com मार्फत सुचना सम्बन्धी थप जानकारी लिन र आवेदन दिन सकिन्छ ।

Contact Bolpatra Nepal at: 9849447788 | 9802347788

रोहितले पहिलो पटक विदेशी फ्रेन्चाइज लिग खेल्ने, सन्दीप र दीपेन्द्र एउटै टिममा

GT20
Vancouver Knights

काठमाडौं/मस- नेपाली क्रिकेट टिमका कप्तान रोहित पौडेलसहित अलराउण्डर दीपेन्द्र सिंह ऐरी र स्पिनर सन्दीप लामिछानेले क्यानडामा हुने ग्लोबल टी-२० प्रतियोगिता खेल्ने भएका छन्।

ऐरी र लामिछाने भ्यानकुभर नाइट्स तथा रोहित टोरोन्टो नेसनल्समा अनुबन्ध भएका छन्। गत सिजनमा सन्दीप सुर्रे जागुअर्स र दीपेन्द्र मोन्टरियल टाइगर्सबाट खेलेका थिए। नेपालका कप्तान रोहित पहिलो पटक विदेशी फ्रेन्चाइज लिगमा छनोट भएका हुन्। सन्दीप ३० हजार डलर, दीपेन्द्र १७ हजार ५ सय डलर र रोहित १२ हजार ५ सय डलरमा अनुबन्धित भएका हुन्।

सन्दीप र दीपेन्द्र रहेको टोलीमा पाकिस्तानी टोलीका कप्तान बाबर आजम रहेका छन्। उनीबाहेक मोहम्मद रिजवान, मोहम्मद आमिर र रुबेन ट्रम्पलम्यान पनि यही टोलीमा छन्। रोहित अनुबन्धित टोलीमा सहिन साहा अफ्रिदी, कोलिन मुन्द्रो, रोमेरो सेफर्ड तथा रसि भान डुसेन जस्ता स्टार खेलाडीहरु रहेका छन्।

यो ग्लोबल टी-२० को चौथो सिजन हो। यसअघि २०१८ मा भ्यान्कोभर नाइट्स, २०१९ मा विनिपेग ह्वाक्स र २०२३ मा मोन्टरियल टाइगर्सले उपाधि जितेका थिए। खेल जुलाई २५ देखि अगस्ट ११ सम्म क्यानाडाको ओन्टारियोमा हुँदैछ।

दीपन्द्रले यसअघि भएको तेस्रो संस्करणको ग्लोबल टी-२० लिग खेलेका थिए। ड्राफ्टमार्फत उनी मोन्ट्रियल टाइगर्समा अनुबन्धित भएका थिए। वेस्ट इन्डिजका आन्द्रे रसेल, कार्लोस ब्राथवेट तथा शेरफेन रदरफोर्ड र बंगलादेशका शकिब अल हसनजस्ता विश्वप्रसिद्ध खेलाडीले भरिएको टोलीलाई उपाधि दिलाउन उनले महत्तपूर्ण भूमिका खेलेका थिए।

६ इनिङमा २८.६० को औसत र १०२.१४ को स्ट्राइक रेटमा उनले १४३ रन बनाएका थिए। यस्तै तीन इनिङमा ६ ओभर बलिङ गर्दै उनले २१.०० को औसत र ७.०० को इकोनोमीमा ४२ रन खर्चिँदै दुई विकेट लिएका थिए। सन्दीपले भने सरे जाग्वार्सबाट खेलेका थिए। तर, फाइनलमा सुर्रे मोन्ट्रियल टाइगर्ससँग पाँच विकेटले पराजित हुँदै उपविजेतामा सीमित भएको थियो।

सूर्य नेपाल प्रिमियर गल्फ प्रो एमको उपाधि भुवनको टिमलाई

SURYA NEPAL PREMIER GOLF CHAMPIONSHIP
SURYA NEPAL PREMIER GOLF CHAMPIONSHIP

काठमाडौं/मस- सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपअन्तर्गत प्रो एमको उपाधि भुवन नगरकोटीको टिमले १ सय ५७ अंकसहित जितेको छ। गोकर्ण गल्फ क्लबमा स्टेबलफोर्ड फुल ह्यान्डीक्याप फरम्याटमा भएको प्रतिस्पर्धामा प्रो भुवनले ४१, एमेच्योरहरू विनोद श्रेष्ठले र जयवीर आचार्यले ३९ तथा तारा कार्की चित्रकारले ३८ गरी कूल १५७ स्कोरमा उपाधि जितेको हो।

१ सय ५१ अंक सहित प्रो जयराम श्रेष्ठको टिम दोस्रो भयो। जयरामले ४०, एमेच्योर इदान्त सिंह साउदले ३८, पवित्र कुमार कार्कीले ३७ र फुर्साङ लामाले ३६ अंक जोडे। प्रो सञ्जय लामाको टिमले १ सय ४२ अंक सहित तेस्रो स्थान प्राप्त गर्‍यो। सञ्जयले ३९ तथा एमेच्योर गल्फरहरू सदभाव आचार्य र रविन्द्र तिवारीले ३६ र लिला जङ्ग कार्कीले ३५ अंक जोडे।

प्रतियोगितामा महिलातर्फ उत्कृष्ट स्कोरको आधारमा तारा कार्की चित्रकारले उपाधि जितिन्। उनले ३८ अंक बनाएकी थिइन्। प्रतियोगितामा सदभाव आचार्यले लङगेस्ट ड्राइभ र निशल्य जङ्ग रायमाझीले क्लोजेस्ट टु दी पिनको उपाधि जिते।

प्रतियोगितामा २५ प्रोसहित कूल १४० खेलाडीको सहभागिता रहेको थियो। विजयी खेलाडीहरुलाई सूर्य नेपाल प्रा.लि.का म्यानेजिङ डाइरेक्टर रवि रायवरम, मार्केटिङ उपाध्यक्ष दिप्रा लाहिरी, पीजीए नेपालका अध्यक्ष रवीन्द्रमान श्रेष्ठ, नेपाल गल्फ संघका अध्यक्ष टासी घले, गोकर्ण गल्फ क्लबका अध्यक्ष सुहृद घिमिरे र क्याप्टेन जोसेफ नाथनले पुरस्कार वितरण गरे। टंकबहादुर कार्कीले होल नम्बर ८ मा होल इन वन गरे।

शुक्रबार सुवास तामाङले १६ अन्डर २७२ को उत्कृष्ट स्कोरमा सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको उपाधि जितेका थिए। सुवास प्रो टर्न भएपछि जितेको यो पहिलो उपाधि हो। उनले टुरमा कुल ६ प्रतियोगिता जितिसकेका छन्। भुवन नगरकोटी र निरज तामाङ १४ अन्डर २७४ मा संयुक्तरूपमा दोस्रो, तथा दिनेश प्रजापति र तोरणविक्रम शाही क्रमशः चौथो र पाँचौं भए।

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सिजनकै सर्वाधिक ठूलो प्रतियोगिताको पुरस्कार राशि १५ लाख ५० हजार रहेको थियो। प्रतियोगितामा कूल ३७ प्रो तथा ११ एमेच्योर खेलाडीको सहभागिता रहेको थियो।

हाफ म्याराथनको उपाधि पछाईलाई

काठमाडौं/मस- सशस्त्र प्रहरी परिवार महिला संघको २३औं वार्षिकोत्सवका अवसरमा आयोजना गरिएको 'दोस्रो महिला हाफ म्याराथन प्रतियोगिता २०८१'को उपाधि नेपाल पुलिस क्लबकी राजपुरा पछाईले हात पारेकी छन्। उनी निर्धारित २१ दशमलव शून्य ९८ किमीको दुरी एक घण्टा १९ मिनेटमा पूरा गरी प्रथम भएकी हुन्। प्रतियोगितामा प्रथम हुने नेपाल पुलिस क्लबकी पछाईले रु एक लाख प्राप्त गरिन्।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोकबाट शुरु भइ बालाजु चोक-नयाँ बसपार्क-वसुन्धारा-महाराजगञ्ज चोकलाई दायाँ पार्दै त्रिवि शिक्षण अस्पताल-लैनचौर-जमल-घण्टाघर-सहिदगेट-त्रिपुरेश्वर-टेकु-कालीमाटी-रविभवन-कलंकी हुँदै एपिएफ रंगशाला हलचोकमा पुगेर दौड समापन भएको थियो।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले उद्घाटन गरेको प्रतियोगितामा सशस्त्र प्रहरी परिवार महिला संघकी केन्द्रीय अध्यक्ष अनिता लामिछाने अर्याल, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, महिला संघका पदाधिकारीलगायत सशस्त्र प्रहरी बल नेपालका अधिकृत तथा विल्लादार जवानहरुको समेत उपस्थितिमा कार्यक्रम भएको हो।

उक्त प्रतियोगितामा दोस्रो हुने नेपाल पुलिस क्लबकी राममाया बुढाले एक घण्टा २३ मिनेट १० सेकेन्डमा निर्धारित दुरी पार गरी रु ७५ हजार तथा तेस्रो हुने नेपाल एपिएफ क्लबकी पुष्पा भण्डारीले एक घण्टा २५ मिनेट ४५ सेकेन्डमा पार गरी रु ५० हजार जितेका छन्। उपाधि हासिल गर्ने धावकलाई यही असार १७ गते वार्षिकोत्सवमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार न्यौपानेले जानकारी दिए। उनका अनुसार चौथोदेखि दशौं स्थान हासिल गरेका धावकलाई आजै पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

प्रतियोगितमा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लबलगायत सशस्त्र प्रहरी बल नेपालका वाहिनी मुख्यालय तथा देशैभरका महिला धावकको सहभागिता रहेको थियो। शनिबार नै सम्पन्न 'प्रथम महिला हाफ म्याराथन प्रतियोगिता २०८१' मा दीपा परियार प्रथम, लीला राई दोस्रो र रीना माझी तेस्रो भएका छन्। उनीहरुलाई सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष अर्यालले पुरस्कार, मेडल र प्रमाणत्र प्रदान गरेकी थिइन्।

नरेन्द्र र पूर्णलक्ष्मी पहिलो

UP HILL RUN
NATIONAL

काठमाडौं/मस- नेपाल आर्मीकाद्वय नरेन्द्रसिंह रावत र पूर्णलक्ष्मी न्यौपाने राष्ट्रिय खुला अपहिल केडिसी रनमा शनिबार पहिलो भएका छन्। २१ किलोमिटर दुरीको दौडमा नरेन्द्र पुरुष र पूर्णलक्ष्मी महिलामा पहिलो भएका हुन्।

नरेन्द्रले निर्धारित दुरी १ घण्टा १९ मिनेट ५१ सेकेन्डमा पूरा गरे। दोस्रो भएका करण रावलले १ घण्टा २१ मिनेट ५५ सेकेन्ड तथा तेस्रो स्थानका सुशिलकुमार शाहीले १ घण्टा २४ मिनेट ४६ सेकेन्ड समय निकाले। दुवै आर्मीका हुन्। सोलुखुम्बुका अर्जुन कुलुङ राई चौथो तथा आर्मीका गोपाल तामाङ पाँचौं स्थानमा रहे।

पूर्णलक्ष्मीले निर्धारित दुरी तय गर्न १ घण्टा ४७ मिनेट समय लगाइन्। आर्मीकी निर्मला केसी १ घण्टा ५० मिनेटमा दोस्रो तथा खोटाङकी प्रिया राई १ घण्टा ५१ मिनेट ०८ सेकेन्डमा तेस्रो भए। नेपाल प्रहरीकी लाक्पा निमा शेर्पा चौथो तथा ओखल्ढुंगाकी छोकी शेर्पा पाँचौं बने।

दुवै समूहमा शीर्ष पाँच स्थानमा रहने खेलाडीले क्रमशः ७५ हजार, ५० हजार, ३० हजार, २० हजार र १० हजार नगद पुरस्कार पाए।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, राखेपका कार्यकारी समितिका सदस्य एवम् आयोजक महासंघका अध्यक्ष एकेन्द्र कुँवर, राखेपका सदस्य अञ्जन धमला, चन्द्रबदना राईलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। त्यसअघि प्रतियोगिताको उद्घाटन पनि सदस्य-सचिव घिसिङले गरेका थिए।

सो अवसरमा सदस्य-सचिव घिसिङले ट्रेल रेसका लागि नेपाल उत्तम गन्तब्य भएको बताउदै विदेशी खेलाडीलाई आकर्षित गर्ने योजना बनाइ देशको अर्थतन्त्र बृद्धिमा टेवा पुऱ्याउनुका साथै पर्यटन प्रवर्द्धनमा महासंघले जोड दिनुपर्ने बताए।

दौड कीर्तिपुरको चारघरेस्थित माइती रिसोर्टबाट शुरु भइ दक्षिणकालीको बोसनडाँडा, कीर्तिपुरको पुरानो बाघभैरव, पुष्पलाल पार्क, चन्द्रागिरीको मत्छेगाउँ, मातातीर्थ, कीर्तिपुरको भत्क्यापाटी हुँदै पुनः माइती रिसोर्टमै आएर टुंगिएको थियो। दौडमा नेपाल आर्मी, नेपाल प्रहरी, एपीएफ, ४ राष्ट्रका ५ विदेशीलगायत गरी २ सय ६५ धावक/धाविको सहभागिता रहेको आयोजक महासंघका वरिष्ठ उपाध्यक्ष राजन खत्रीले जनाएका छन्।

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/०३/०९)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. न	ठेक्का न.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट र पी.एस. सहित)	कैफियत
१.	Construction of Black top road from Sundar Chau Home to Old Ward office Contract Identification: BELMUN/NCB/W/80/81-15	Shree Deulek Dogada Nirman Sewa Bhimdutta -15 Kanchanpur	रू. ५८,१४,०७४	

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/०३/०९)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. न	ठेक्का न.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (भ्याट र पी.एस. सहित)	कैफियत
१.	Construction of Black top road from Kranti Chowk to Belauri Kaluwapur Connecting Road Contract Identification: BELMUN/NCB/W/80/81-14	Shree Deulek Dogada Nirman Sewa Bhimdutta -15 Kanchanpur	रू. १,२०,८०,७४८	

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८१/०३/०९

बुद्ध एजुकेशनल एकेडेमी रुपन्देही प्रा.लि.को मिति २०८१/०२/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कृष्णा युथ भिजन इंगलिस स्कुल प्रा.लि. (प्रा.लि. नं.: ८९५७४)** कायम गर्ने गरी मिति २०८१/०३/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०३/०९

योहो पार्टनर टेक्नोलोजिज ईन्क प्रा.लि.को मिति २०८१/०३/०४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रिजाल प्रोपर्टीज एण्ड हस्पिटालिटि प्रा.लि. (प्रा.लि. नं.: २६३५७४)** कायम गर्ने गरी मिति २०८१/०३/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

स्टार्टअप उद्यमको विकासले घट्छ मुलुकको बेरोजगारी

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको स्थापना २०५३ कार्तिक १९ गते भएको हो । तर २०४० सालमै जर्मन प्रविधिक सहयोग नियोगको सहयोगमा साना व्यवसाय प्रर्वद्धन आयोजनाको रुपमा सुरु गरिएको थियो । उद्योग व्यवसाय सञ्चालन गरेका वा चाहने व्यक्तिहरुलाई कर्जा प्रवाह, सिप तथा तालिम दिने काम प्रतिष्ठान गरिरहेको छ । आगामी आर्थिक वर्षको बजेटमा उद्यम युवा सहभागिता बढाउन स्टार्टअप र नवप्रर्वतनका लागि इकोसिस्टम विकासका लागि जोड दिइएको छ । उद्यमशिलताको वातावरण बनाउन स्टार्टअप उद्यमी सहजीकरण र नियमन बोर्ड मार्फत १ अर्बको कोष बजेटमा छुट्टाइएको अवस्था छ । यस्तै सन्दर्भमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक इञ्जिनियर उमेश **कुमार गुप्ता**संग मध्यान्हका **छबि सापकोटा**ले सरकारको स्टार्टअप योजना बारेमा कुराकानी गरेका छन् ।

ई. उमेश कुमार गुप्ता
कार्यकारी निर्देशक, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

स्टार्टअप उधमका लागि बजेटले प्रथामिकता दिएको देखिन्छ। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले कस्ता योजना बनाइरहेको छ ?

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले स्थापना कालदेखि नै राष्ट्रको औद्योगिक विकासको लागि उद्यमशिलता विकास, व्यवसाय व्यवस्थापन, अनुसन्धान काम गर्दै आएको छ ।

उद्योग व्यवसयको विकासको लागि आवश्यक जनशक्तिको निमार्णका कार्यक्रम सञ्चालन गर्दै आएको छ। नवप्रर्वतक उद्यमी प्रोत्साहन गर्न स्टार्टअप उद्यमलाई विषेश प्राथमिकता राखेर सरकारले गत वर्ष भन्दा झण्डै चार गुणा बजेट बढाएको छ। चालु आर्थिक वर्षमा उद्यम कर्जाका लागि १ सय ८३ वटा परियोजना छनोट भएर काम सुरु गरेका छन्। आगामी आर्थिक वर्षमा सरकारले स्टार्टअप उद्यमको विकास प्रथामिकता दिएको कारण उद्यम व्यवसाय गर्ने नवीननतम सोच र क्षमता भएका उद्यमीलाई पहिचान गरेर सरकारको ल्याएको कार्यक्रम साउन देखि नै सुरु गर्दै छौं। यस पटक अनलाईनबाटै आवेदन लिने देखि परियोजना छनोटमा प्रतिष्ठानले आफै पनि अनुगमन र अध्ययन गरेर काम गर्दैछ।

कस्ता स्टार्टअप उद्यम क्षेत्रलाई प्रथामिकता दिनुहुन्छ ?

नेपालमा पछिल्लो समय काम गर्न सक्ने युवा जनशक्तिलाई पलायन भइरहेको छ। पलायन समाधान होइन स्वदेशमै आत्मनिर्भर बन्न सकिन्छ भन्ने उदाहरण समेत स्टार्टअप व्यवसायमा लाग्नु भएकाले गरेर देखाउनु भएको छ। नेपालमा केही गर्न सकिन्छ भनेर विदेशबाट फर्केर नयाँ स्टार्ट उद्यममा लाग्नेको संख्या समेत बढ्दो छ। त्यसैले यो आगामी आर्थिक वर्षको बजेटले समेत स्टार्टअप व्यवसायलाई प्रवर्द्धन गर्ने कार्यक्रम ल्याएको छ। विषेशगरी प्रतिष्ठानले कृषि, पर्यटन प्रवर्द्धन ,मनोरञ्जन, आइटी, स्वास्थ्य, अटोमोबाइल, खानी तथा खनिज अनुसन्धानलगायतको क्षेत्रमा प्राथिमिकता दिने काम भएको छ। नेपालमा पनि स्टार्टअप व्यवसाय गरेर धेरै राम्रो प्रगति गरेका स्वदेशी कम्पनीहरु समेत छन्। राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१ स्वीकृत भएको छ यसले अझै काम गर्नका लागि सहज बनाएको छ। स्वरोजगार बन्नका लागि स्टार्टअप व्यवसायको महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले समेत हामी स-साना व्यवसायलाई सिप र तालिम दिने र ठुलो व्यवसायलाई लगानी गर्ने वातावरणको बनाउँदै गएका छौं। नयाँ आर्थिक वर्षदेखि देशैभरबाट स्टार्टअप व्यवसायको खोजी गर्ने,उनीहरुलाई कसरी राज्यको तर्फबाट सहयोग गर्न सकिन्छ भनेर केन्द्रित भएका छौं।

नेपालको अर्थतन्त्रको विकासका लागि उद्यमशीलताको आवश्यकता कति छ ?

नेपालमा उद्यमशीलता अर्थात स्टार्टअप उद्यमको सुरुवात राम्रो छ। हाम्रोमा ठुला-ठुला उद्योग भन्दा स-साना तथा घरेलु उद्यमबाट नै अर्थतन्त्र चलायनमान भएको छ। स्टार्टअप व्यवसायमा सुरु गरेको कम्पनी अहिले हजारौलाई रोजगारी दिने भएका छन्। हाम्रो मुलुकमा स-सानो काम मात्र गर्ने हो भने अर्थतन्त्रलाई समेत माथि उठाउने काम गर्न सकिन्छ। हामी पछिल्लो समय परम्परागत कृषि र पशुपालनबाट व्यवसायीतर्फ अगाडी बढेका छौं। उत्पादनमुलक उद्योग, पर्यटन, आइटी क्षेत्रसमेत धेरै आशाबादी क्षेत्र हुन्। यी क्षेत्रमा लगानी गरेर प्रतिफल राम्रै ल्याउन सक्ने अवस्था छ। सरकारको नीति तथा कार्यक्रम समेत स्टार्टअपकै रूपमा थोरै लगानीबाट उद्यमलाई अगाडी बढाउने नै छ। जसरी उद्यम क्षेत्रमा लगानी र कर्जा हुन्छ त्यसले अर्थतन्त्र ठुलो योगदान दिन सक्छ।

स्टार्टअप उद्यमको प्रवर्द्धन र विकास गर्न कस्तो अवसर छ ?

नेपालमा उद्यम क्षेत्रमा सम्भावना छ। तर यसको लागि धैर्यता आवश्यक छ। अहिले आजै लगानी गरेर एकैपटक कमाई गर्ने सोच युवा पुस्तामा हुदाँ स्टार्टअपमा लगानी गर्नेहरु समेत हतोत्हासित भएको देखिन्छ। तर चिया पसलदेखि आइटी क्षेत्रमा काम गर्नेहरुको प्रगती धेरै छ। कृषिमा माछापालन, अफ सिजनको तरकारी, फलफूल जस्ता क्षेत्रमा राम्रो आम्दानी भएको देखिन्छ। पछिल्लो समय ग्रामिण पर्यटकको लागि होमस्टेदेखि रिसोर्ट सञ्चालन गरेर राम्रो आम्दानी गरेका छन्। नेपालमा व्यवसाय गर्ने संस्कारको कमीको कारणले विदेश पलायन बढेको देखिन्छ तर अहिले देशकै गरे हुन्छ भन्ने केही युवा पुस्ताको काम गरेका छन्। त्यसमा उनीहरुलाई सरकारको साथ चाहिन्छ। सरकारले समेत आगामी आर्थिक वर्षको बजेटमा नै उद्यमशिलतालाई जसरी प्रथामिकता राखेको छ त्यसले स्टार्टअप व्यवसाय गर्नेका लागि अवसर बन्ने छ।

प्रतिष्ठानले सरकार र निजी क्षेत्रसँग कसरी सहकार्य गर्छ ?

हामी सरकारी निकाय हौं। सरकारको नीति तथा कार्यक्रम अनुसार नै हामी उद्यमसिलताको विकासको लागि काम गरिरहेका छौं। उद्यमशिलतामा सबै भन्दा बढि काम नीजि क्षेत्रले गरिएको छ। हामी निजी क्षेत्र, अन्तराष्ट्रिय संघ/सस्था समेत सहकार्य गरेका छौं। पुँजी अभावका कारण इनोभेसन क्षेत्र पलायन नहोस भनेर प्रतिष्ठानको सबैसंग सहकार्य गरेर काम गर्ने हो । यस्तै स्वदेशकै केही गर्ने चाहना भएको लागि विभिन्न सिप,तालिम र कर्जाको साथै उनीको व्यवस्थापनको लागि काम गरिरहेका छौं। स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने निजी क्षेत्रको समेत महत्वपुर्ण योगदान छ। हामी नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स लगायतको संस्थासंग समेत सहकार्य गरेर उद्यम क्षेत्रको विकासको लागि काम गरिहेको छ नयाँ उद्यमी बनाउन स्टार्टअप उद्यम कर्जाको सदुपयोग गर्ने तर्फ लागिरहेको छौं। धितो राख्न सम्पत्तिको आवश्यकता नहुने हुँदा कुनै सम्पत्ति नभए पनि उद्यम सञ्चालन गर्ने भएकोले नीजि क्षेत्रका संस्थासंग समेत सहकार्यको गर्ने गरेका छौं।

व्यावसायिक स्वार्थको खिचातानीमा धितोपत्र बोर्ड ६ महिनादेखि नियुक्ति हुन सकेन अध्यक्ष

नारायण अर्याल/मध्यान्ह
काठमाडौं, ८ असार ।

नेपाल धितोपत्र बोर्ड (सेबोन)मा ६ महिनादेखि रिक्त भएको अध्यक्ष पदमा नियुक्ति हुन सकेको छैन। राजनीतिक सत्ता साझेदार दलका राजनीतिक नेतृत्वको व्यावसायिक स्वार्थ बाझिँदा लामो समयदेखि बोर्डको अध्यक्ष पदमा नियुक्ति हुन नसकेको देखिन्छ। अघिल्लो आइतबार अध्यक्ष नियुक्ति प्रक्रियामा सर्टलिस्टमा परेका तीन जनाले दोस्रोपटक पनि अन्तर्वार्ता बहिस्कार गरेपछि टुंगो लाग्ने सम्भावना देखिएको प्रक्रिया फेरि रोकिएको छ।

बोर्ड अध्यक्ष नियुक्तिका लागि गठित सिफारिस समितिले सर्टलिस्टमा परेका ५ जनालाई गत आइतबार अन्तर्वार्ता र कार्ययोजना प्रस्तुतीकरण निम्ति बोलाउँदा सन्तोषनारायण श्रेष्ठ र धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्ति श्रेष्ठ मात्रै सहभागी भए। तर, सर्टलिस्टमा परेका अन्य तीन जना; बीमा समितिका पूर्व अध्यक्ष चिरञ्जीवी चापागाईं, नेपाल स्टक एक्सचेन्ज (नेप्से)का सीईओ कृष्णबहादुर कार्की र बोर्डका कार्यकारी निर्देशक नवराज अधिकारी भने उपस्थित भएनन्। त्यसपछि फेरि समितिले बुधबार बिहान ९ बजे पुनः उनीहरुलाई प्रक्रियामा सहभागी हुन भनेर आमन्त्रण गरेकोमा फेरि पनि उनीहरु सहभागी भएनन्।

धितोपत्र बोर्डको अध्यक्षमा अर्थमन्त्री वर्षमान पुनले केही व्यापारिक समूहको सल्लाहका आधारमा नेप्सेमा कार्यकारी अधिकृतको भूमिकामा रहेका कृष्णबहादुर कार्की वा नेपाल बीमा प्राधिकरणका पूर्व अध्यक्ष चिरञ्जिवी चापागाईंलाई अध्यक्ष नियुक्ति गर्ने तयारी गरेका थिए। तर, उनको सो तयारीमा सत्ता साझेदार मध्येको मुख्य दल नेकपा एमालेका अध्यक्ष केपी ओलीले फेरि फरक व्यापारिक समूहको सल्लाहमा सन्तोषनारायण श्रेष्ठलाई अध्यक्ष नियुक्ति गर्नुपर्ने दबाब दिएपछि नियुक्ति प्रक्रियालाई नै रोक्न वर्षमान पुन नजिक मानिएका तीनजना व्यक्तिहरु मन्त्री पुनकै सल्लाहमा अन्तर्वार्ता र कार्ययोजना प्रस्तुतीकरणमा सहभागी नभएको विभिन्न

जानकारहरुले दाबी गरेका छन्। खासगरी नेप्सेको प्रतिस्प्रर्धी निजी क्षेत्रको स्वामित्वमा आउने नयाँ स्टक एक्सचेन्ज र आइपिओ क्षेत्रमा गरिने विशेष निर्णयहरुमा भोलिका दिनमा कसले प्रभाव जमाउने भन्ने विषयमा सो खिचातानी भइरहेको अनुमान गरिएको छ।

सुझाव तथा सल्लाहतर्फ समितिको दौडधुप

अन्तर्वार्ता र कार्यायोजना प्रस्तुतीकरणमा तीन जना नआएपछि सिफारिस समितिले कानून मन्त्रालय र महान्याधिवक्ताको कार्यालयसँग परामर्श लिएर प्रक्रियालाई अघि बढाउने विषयमा दौडधुप गरेको छ। बुधबार नै प्रक्रियालाई अगाडि बढाउने विषयमा सुझाव लिन समिति कानून न्याय तथा संसदीय मन्त्रालय पुगेको थियो। मन्त्रालयले ऐन र कार्यविधिअनुसार अगाडि बढेको अध्यक्ष छनोट प्रक्रियामा केही व्यक्ति सहभागी नभएपनि प्रक्रियालाई रोक्न नमिल्ने भन्दै अनौपचारिक सुझाव दिएको मन्त्रालय स्रोतले जनाएको छ। स्रोतकाअनुसार मन्त्रालयले अन्तार्वाता र कार्ययोजना प्रस्तुतीकरणमा सहभागी नभएकाहरुलाई सोहीअनुसार अङ्कभार कटौती गरेर सिफारिस गर्न सकिने सुझाव दिएको जनाइएको छ।

कानून मन्त्रालयको सुझाव लिएपछि समितिले औपचारिक रुपमा सुझाव लिएर अगाडि बढ्नको लागि बुधबार नै महान्याधिवक्ताको कार्यालयसँग लिखित सुझाव माग गरेको छ। समितिले बोर्डको अध्यक्ष नियुक्तिको लागि मन्त्रिपरिषद्मा कति जनाको नाम पठाउन सकिने भन्ने सन्दर्भमा महान्याधिवक्ताको कार्यालयसँग लिखित सुझाव माग गरेको समिति स्रोतले जनाएको छ। तर, शुक्रबारसम्म पनि महान्याधिवक्ताको कार्यालयले सो विषयमा कुनै औपचारिक सुझाव दिइसकेको छैन।

'धितोपत्र सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन'को दफा ७ को उपदफा ४ मा 'समितिले नाम सिफारिश गर्दा यस ऐन बमोजिम योग्यता पुगेका कम्तिमा तीन जना व्यक्तिको नाम सिफारिस गर्नेछ' भन्ने उल्लेख छ। साथै ऐनमा समितिले अध्यक्ष सिफारिस गर्दा आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्ने व्यवस्था समेत छ। 'तीन जनाभन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरुलाई यथावत् राखी थप आवेदनको लागि सात दिनको म्याद दिई पुनः दरखास्त आह्वान गरिनेछ', कार्यविधिको दफा ७.५ मा उल्लेख छ।

गत पुस २१ मा तत्कालीन अध्यक्ष रमेश हमालको कार्यकाल सकिएपछि सरकारले धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि माघ ४ गते राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको नेतृत्वमा तीन सदस्यीय सिफारिस समिति गठन गरेको थियो। सो समितिले १६ फागुनमा अध्यक्ष पदको लागि दरखास्त आह्वान गरेको थियो। सोही मागको आधारमा फागुन ३० सम्ममा १९ जना आवेदकहरुले धितोपत्र बोर्डको अध्यक्षको लागि आवेदन दिएका थिए। समितिले कार्यविधिअनुसार चैत २५ गते पाँच जनाको नाम सर्टलिस्टमा प्रकाशन गरेको थियो। तर, सो प्रक्रिया राजनीतिक नेतृत्वको आडमा भएको 'कर्पोरेट वार'का कारण हालसम्म टुंगिन सकेको छैन।

खातामा प्यान अद्यावधिक गर्न एनआईसी एशियाको आग्रह

काठमाडौं/मस - एनआइसी एशिया बैंकले ग्राहकलाई खातामा स्थायी लेखा नम्बर (प्यान) अध्यावधिक गर्न आग्रह गरेको छ। ग्राहकको खाताबाट गरिएको करकट्टीको विवरण आयकर ऐन २०५८ बमोजिम सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभागद्वारा जारी गरिएको स्थायी लेखा नम्बर प्रणालीमा आबद्ध गर्नुपर्ने भएकोले ग्राहकले बैंकको पोर्टल वा मोबाइल बैंकिङ एपमा रहेको 'प्यान अपडेट' विकल्पमा ट्याब गरी प्यान अद्यावधिक गर्न सकिने बैंकले जनाएको छ।

आफूलाई पायक पर्ने बैंकको जुनसुकै शाखा कार्यालयबाट समेत खातामा प्यान अध्यावधिक गर्न आवेदन दिन सक्ने बैंकको भनाइ छ। बैंकका अनुसार निक्षेपकर्ताको ब्याज भुक्तानी वापत काटिएको करलाई ई-टिडिएस रेकर्डमा जनाउनको लागि प्यान अत्यावश्यक रहेको हो। प्यान अद्यावधिक भएपश्चात करकट्टीको विवरण ई-टिडिएस सो प्यानमा प्रविष्ट गरिने हुँदा आयकरको प्रणालीले स्वचालित रुपमा अनुसूची १० मा करकट्टीको विवरण मिलान गर्छ।

यसले ग्राहकलाई करकट्टी प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सहज हुनुका साथै प्रमाणपत्र लिन बैंकसम्म धाउनुपर्ने अवस्थासमेत अन्त्य गर्ने बैंकले विश्वास छ। ग्राहकले प्यान अद्यावधिक नगराएको कारणले ई-टिडिएसमा ब्याजकर दाखिला नभएको अवस्थामा र त्यस उप्रान्त ब्याज करमा थप समायोजन गर्नु परेको अवस्थामा जिम्मेवार नहुने बैंकले जनाएको छ।

कोशी प्रदेश सभाद्वारा विनियोजन विधेयक बहुमतले पारित

विराटनगर/मस - कोशी प्रदेशसभाको शनिबारको बैठकले विनियोजन विधेयक, २०८१ र अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१ बहुमतले पारित गरेको छ। बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले आर्थिक वर्ष २०८१/ ८२ को सेवा र कार्यको लागि कोशी प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, कोशी प्रदेश विनियोजन विधेयक, २०८१ र कोशी प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको विधेयक, २०८१ पेस गरेका थिए।

नेपाली कांग्रेसका गोपाल तामाङ र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सविना बजगाईंले प्रस्तुत गरेको खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो। त्यसअघि विशेष समयमा नेपाली कांग्रेसका भूपेन्द्र राईले प्रदेश संरचनामा प्रश्न खडा हुननदिन प्रदेशसभा सचेत हुनुपर्नेमा जोड दिँदै प्रदेशका धेरै ऐनमा त्रुटि भएकाले कार्यान्वयनमा समस्या हुने बताए। 'निजामती सेवा ऐन, यातायात सेवा ऐन, र प्रदेश प्रहरी ऐनमा गम्भीर त्रुटि छन्', उनले भने। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का इन्द्रबहादुर आङबोले सार्वजनिक गरेको बजेट सन्तुलित भएको बताएका छन्।

एनआईसी एशिया लघुवित्तद्वारा आँखा स्वास्थ्य शिविर सञ्चालन

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

काठमाडौं/मस – एनआईसी एशिया लघुवित्त वित्तीय संस्थाले आँखा स्वास्थ्य शिविर सञ्चालन गरेको छ। संस्थाले बाराको परवानिपुर शाखामा आँखा स्वास्थ्य शिविर सम्पन्न गरेको हो। गरिब, विपन्न तथा ग्रामिण भेगमा रहेका पहुँच नपुगेका व्यक्तिहरुलाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त शिविरमा १२४ जना आँखाका समस्या भएका विरामीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको थियो। निःशुल्क चेक जाँच, निःशुल्क औषधि वितरण तथा निःशुल्क मोति बिन्दुका शल्यक्रिया सेवा प्रदान गरिएको थियो। संस्थाले विगत १० वर्षदेखि वित्तीय सेवा प्रदान गर्दै आएको छ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**